# अध्याय - एक

# परिचय

## १.१ अध्ययन पृष्ठभूमि

जनगणना २०६८ अनुसार नेपालको जनसंख्या २,६४,८४,५०४ रहेको छ जसमा पुरूष संख्या १,२८,४९,०४१ र महिला संख्या १,३६,४५,४६३ रहेको छ । जस अनुसार नेपालमा महिलाको संख्या ५० प्रतिशत भन्दा बढी रहेको छ । आधा हिस्सा ओगटेको नारीको सहभागिता विना विकासको परिकल्पना गर्नु सार्थक हुँदैन । यसकारण प्रत्येक क्षेत्रको विकासमा नारीको भूमिका त्यतिकै अपरिहार्य मानिन्छ ।

२०६८ को जनगणना अनुसार कुल साक्षरता ८७ प्रतिशत र कुल महिला साक्षरता ६७ प्रतिशत रहेको छ । सामाजिक, आर्थिक क्रियाकलाप अन्तर्गतको घरायसी कार्यमा महिलाको व्यापक संलग्नता रहेको पाइन्छ । अध्ययनले देखाए अनुसार घरयसी व्यवस्थापनमा महिलाको प्रमुख भूमिका रहने र घरायसी कामकाजको लागि बढी हिस्सा महिलाले नै सम्पन्न गर्ने भएतापनि घरायसी निर्णयमा भने महिलाको सहभागिता न्यून देखिन्छ । पितृसत्तात्मक संरचनाले गर्दा महिलाले पुरूष सँगसँगै निर्णय प्रकृयामा सहभागि हुन पाएका छैनन् । जसले गर्दा महिलाको छुट्टै पहिचान हुन सकेको छैन । अर्काको भरमा बाँच्नुपर्ने बाध्यता भएकाले बच्चादेखि नै महिलाहरू दबिएको र महिला, पुरूषमा व्यापक भेदभाव रहेको देखिन्छ । महिला सानो छँदा बुवाको बन्धनमा, जवानीमा श्रीमान्को नियन्त्रणमा र बुढेसकालमा छोरामाथि निर्भर हुनुपर्छ भन्ने मान्यताले गर्दा महिलाहरू परनिर्भर हुनुपर्ने बाध्यता देखिन्छ ।

नेपाली महिलाहरूको सामाजिक आर्थिक स्थिति पुरूषको तुलनामा कमजोर देखिन्छ । नेपाली महिलाहरूको कार्यप्रतिको संलग्नतालाई हेर्दा उनीहरूको समाजको पुनर्उत्पादनशील कार्यमा संलग्न रहने गरेकाले प्रत्यक्ष आय आर्जनका कार्यमा महिलाहरूको पहुँच रहन नसकेको देखिन्छ । घर गृहस्थी चलाउने सन्दर्भमा पुरूषको

तुलनामा महिलाहरू बढी समय काममा खट्ने गर्दछन् । त्यसको प्रतिफल स्वरूप आर्थिक नगद आय उनीहरूको हुन सकेको छैन । यस अवस्थाले गर्दा पुरूष निर्भरता बढेको देखिन्छ । घर परिवार सञ्चालनका प्रक्रियामा गरिने आर्थिक निर्णयहरू पुरूषहरूको नै प्रायः एकलौटी देखिन्छ ।

यसरी महिलाहरू पुरूषको तुलनामा पछाडि परेका छन् । केही शिक्षित महिला भएतापनि चुलो चौकोमा सीमित रहेका छन् । त्यसैले कुनै पनि विकासको योजनामा समाहित गर्ने मान्यताको विकास हुँदै आएको भएतापनि उपलब्धीबाट भने हरेक विकास प्रयासहरू टाढै रहने गरेका छन् । महिला शसक्तिकरणका प्रयासहरू सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रयास भएतापनि सुधार आएको छैन । किनभने नीति निर्माण तहमा नै पुरूषको बाहुल्यता छ । यसरी हेर्दा नेपाली महिलाको स्तर माथि उठ्न नसक्नुमा समाजका रीतिरिवाज, परम्परा, मूल्य मान्यता, प्रथा आदि जिम्मेवार देखिन्छन् (श्रेष्ठ र अन्य साथीहरू, २०६६) ।

लैङ्गिक विभेद जुन मगर समुदायमा पनि निहीत छ । घरायसी अर्थतन्त्रमा होस् वा राष्ट्रिय अर्थतन्त्रमा महिलाको प्रमुख स्थानलाई नकार्न सकिँदैन । महिलाहरूको समाजमा तिन किसिमको भूमिका - उत्पादन, पुनर्उत्पादन तथा समुदायको व्यवस्थापनमा आफ्नो समय खर्चेका हुन्छन् तर सबै कामको आर्थिक मूल्य नहुँदा उनीहरूको परिवारमा न्यून स्थान छ । यसको असर मगर महिलाहरूमा घरायसी निर्णयमा असर पर्दछ ।

वास्तवमा अरूको निर्णयमा चल्नुपर्ने भएकाले अध्ययन क्षेत्र बाग्लुङ जिल्ला राजकुत गा.वि.स. मा घरायसी निर्णय प्रकृयामा मगर महिलाको भूमिका न्यून हुन्छ । जसमा प्रभाव पर्ने तत्त्व सामाजिक, आर्थिक, सांस्कृतिक आदि हुन्छन् । ती पक्षमा किन मगर महिला कम सहभागि छन्, कति छन् र कसरी प्रभाव पार्दछ भन्ने कुराको अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन प्रस्तुतिकरण

नेपाली समाज यसमा पनि ग्रामिण क्षेत्रका मगर महिलाहरू घरायसी काम, उत्पादन क्षेत्र, कृषिमा पुरूषको तुलनामा बढी समय खर्चिंदा पनि उनीहरूको सामाजिक, आर्थिक अवस्था कमजोर छ । शिक्षा, स्वास्थ्य, पेशा आदि पक्षमा कम पहुँच छ । किन दैनिक १० घण्टा काम गर्दा पनि निर्णय गर्ने अधिकार उनीहरूको कम छ ? भन्ने कुरा पत्ता लगाउनु पर्ने देखिन्छ । बाग्लुङ जिल्लाको राजकुत गा.वि.स.का मगर महिलाहरूको निर्णय गर्ने अधिकारलाई शिक्षा, स्वास्थ्य, पेशा, उत्पादन श्रोत, आर्थिक पहुँच जस्तो विषयमा हेर्दा न्यून छ । कृषि क्षेत्रमा धेरै समय खर्चेका छन् । वर्तमान अवस्थामा उच्च माध्यमिक तहमा पहुँच क्रमशः बढ्दो देखिएतापनि उच्च शिक्षा, स्वास्थ्यमा पहुँच कम छ । घरभित्रको क्रियाकलापमा निर्णय गर्ने अधिकार कम छ । यस्तो किन भयो यो अनुसन्धानको विषय हो ।

अध्ययन क्षेत्रका मगर महिलाहरू अदृश्य घरभित्रका तथा त्यस बाहेक कृषि, बच्चाको स्याहार सुसार गर्ने, खाना बनाउने आदि काममा संलग्न छन् तर त्यसको मौद्रिक मूल्यमा गणना हुँदैन । जसको प्रत्यक्ष असर के मा पर्दछ भन्ने कुराको गहिरो अध्ययन गर्न अवाश्यक छ । यिनै प्रसङ्गलाई उजागर गर्दै बाग्लुङ जिल्लाको राजकुत गा.वि.स.का मगर महिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमिकाको बारेमा अध्ययन गरी एउटा लिखित दस्तावेज तयार पार्ने प्रयास गरिएको छ । जसका निम्ति निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) मगर महिलाहरू कस्ता कस्ता घरेलु काममा संलग्न छन् ?

ख) अध्ययन क्षेत्रका मगर महिलाहरूको निर्णय प्रक्रियाका क्षेत्रहरू के के हुन् ?

ग) घरायसी निर्णय प्रकृयामा अध्ययन क्षेत्रका महिलाको भूमिका कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य घरायसी निर्णय प्रकृयामा मगर महिलाको भूमिकाको बारेमा अध्ययन गरी सम्बन्धित तथ्य बाहिर ल्याउनु हो । यस अध्ययनको उद्देश्य निम्न बुँदामा केन्द्रित रहेको छ ।

क) मगर महिलाहरू कस्ता कस्ता काममा संलग्न छन् पत्ता लगाउने,
ख) समाजमा मगर महिलाको घरायसी क्रियाकलापमा निर्णय गर्ने भूमिकालाई प्रभावित पार्ने जिम्मेवार तत्त्वहरूको पहिचान गर्ने ।

## १.४ अनुसन्धानको महत्त्व

नेपाली समाजमा हरेक क्रियाकलाप सांस्कृतिक परिवेश, धर्मले नियन्त्रण गरेको हुन्छ । बाग्लुङ जिल्लाको राजकुत गा.वि.स. दुर्गम गाउँ हो । जहाँका महिलाहरू घरायसी काम, कृषि, गाईवस्तु हेर्ने आदि काममा संलग्न छन् । यस्तो अवस्थामा यस अध्ययनले ग्रामिण दुर्गम क्षेत्रका महिलाको घरायसी निर्णय अधिकारमा कस्तो भूमिका रहेको छ भन्ने कुरा पत्ता लगाउन मद्दत गर्छ । किन निर्णय गर्नु पर्ने क्रियाकलापमा महिला पछि छन् र त्यसलाई प्रभाव पार्ने मुख्य तत्त्वहरूको बारेमा जानकारी पाउन सकिन्छ । दुर्गम क्षेत्रका महिलाको सामाजिक आर्थिक स्थिति र त्यसबाट विकासमा पारेको प्रभावबारे जानकारी पाउन यो अध्ययन महत्त्वपूर्ण हुन्छ । वर्तमान अवस्थामा लैङ्गिक विभेद कम गर्ने प्रयास स्वरूप वास्तविक समस्याका सुधारका उपायको खोजी गर्दै NGO/INGO को लागि पनि सान्दर्भिक योजना सञ्चालन गर्न पनि यस अध्ययनले सहयोग पुऱ्याउँछ । लिइएको तथ्याङ्क कसरी समाजको सामाजिक, आर्थिक आदि परिवेशसँग सम्बन्धित छ भनेर विश्लेषण गर्नुसँग केन्द्रित रहन्छ र रहनुपर्छ । जो एक समाजमा परिवारभित्र महिलाको अन्तर सम्बन्धको चिरफार पनि हो । त्यसैले यस अध्ययनले समाजशास्त्रीय ज्ञानको उक्त अन्तराललाई परिपूर्ति गर्ने आशा लिइएको छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययनमा राजकुत गा.वि.स.को एउटा गाउँको ५० घरधुरीको मात्र अध्ययन गरिएको हुँदा यसबाट प्राप्त परिमाणलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिँदैन ।

क) अनुसन्धान विषयसँग सम्बन्धित विभिन्न श्रोतहरूको अभावले गर्दा अध्ययनमा पूर्णता नहुन पनि सक्छ ।

ख) लामो समयसम्म अध्ययन क्षेत्रमा बसेर अध्ययन अवलोकन गर्न समय अभावको कारण छोटो समयमा अध्ययन पूरा गर्नुपर्ने हुँदा प्राप्त सम्पूर्ण सूचना सहि र यथार्थ हुन्छन् भन्न सकिँदैन ।

## १.६ अध्ययनको ढाँचा

यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ । यस अनुसन्धानमा बाग्लुङ जिल्ला राजकुत गा.वि.स. को महिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमिकाको बारेमा वर्णन गरिएको छ । उक्त महिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमिकालाई प्रभावित पार्ने जिम्मेवार तत्त्वहरूको बारेमा अनुसन्धान गरिएको छ ।

# अध्याय - दुई

# पूर्व साहित्यको अध्ययन

## सन्दर्भ साहित्यको अध्ययन

नेपाली मगर महिलाहरूको घरायसी निर्णय प्रकृयामा कस्तो भूमिका रहेको छ ? सहभागिता तथा महिलाको अवस्था, स्थिति, लैङ्गिक विभेद सम्बन्धी हालसम्म गरिएका विभिन्न अध्ययन अनुसन्धान तथा विभिन्न समयमा प्रकाशित गरिएका कृतिबाट पत्ता लागेका तथ्याङ्कहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने आशयका साथ यहाँ उल्लेख गरिएको छ ।

## २.१ सैद्धान्तिक अवधारणा

### महिलावाद

पुरूष दमन र शोषणको विरोध गर्दै महिलाले पुरूष सरह अवसर उपयोग गर्न पाउनुपर्छ भनी देखा परेको आन्दोलन नै महिलावाद हो ।

सर्वप्रथम विनाश भएको महिलावादी धार जुन १९ औं शताब्दिको मध्यतिर विकास भएको वैचारिक आन्दोलन हो । जसले पहिलो पटक महिलाको समस्याको बारेमा आवाज उठाएको देखिन्छ । यसपछि बिसौ शताब्दितिरको मध्यतिर महिलाको काम, ज्याला, समस्याहरू आदिका बारेमा संगठित रुपले कलम चलाउने काम भयो जसलाई महिलावादी दोस्रो धार भनिन्छ । यसैगरी सन् १९० दशकसँगै विभिन्न महिलावादी आन्दोलनहरूले समाजमा रहेको लैङ्गिक शोषण, विभेद र दमनका बारेमा विश्लेषण गर्न लैङ्गिक सम्बन्धलाई विश्लेषण गर्नुपर्ने तर्क राखेको पाइन्छ । यसैलाई महिला आन्दोलनको तेस्रो धार भनिन्छ (आचार्य, २०६८) ।

महिलावाद भन्ने अवधारणाको सुरूवात अठारौं शताब्दीदेखि नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अघि बढिरहेको पाउछौँ भने सन् १९८० देखिको नारीवादलाई आधुनिकवादी अवधारणाको रूपमा हेरिएको पाइन्छ (श्रेष्ठ र साथीहरू २०६६) ।

महिलावाद सम्बन्धमा विभिन्न विभेदहरू देखा परेका छन्, ती मध्ये प्रमुख यस प्रकार छन् :

**१. उदार महिलावाद**

उदार नारीवादीहरूले विशेष गरि भोटको अधिकार, धर्म मान्ने स्वतन्त्रता, बोल्ने स्वतन्त्रता, संगठन गर्ने स्वतन्त्रता, व्यक्तिगत स्वतन्त्रताका साथै सामाजिक न्याय र लैङ्गिक समानता हुनुपर्छ तबमात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख र विश्लेषण गर्दछन् ।

**२) मार्क्सवादी महिलावाद**

समग्र अवस्थामा रहेको लैङ्गिक विभेद हटाउनका लागि मार्क्सवादी महिलावादले समाजवादमा सम्पत्ति माथिको नीजि स्वामित्वको अन्त्यसँगै विकाश हुने संरचनाबाट महिलाहरूले सबै प्रकारका अधिकार र स्वतन्त्रता प्राप्त गर्न सक्दछन् भन्ने मत राख्दछन् ।

**३) आमुल महिलावाद**

आमुल महिलावादले लैङ्गिक विभेदको महत्वपूर्ण कारकतत्त्व पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध हो, महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । विश्वव्यापी रुपमा महिलाको अवमूल्यन भएको छ र पितृसत्ताका कारण सबै ठाउँका महिलाहरू दमनमा परेका छन् भन्दछ ।

**४) समाजवादी महिलावाद**

लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारकतत्वको खोजिलाई जोड दिँदै महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंबाटै भएको भन्ने समाजवादी महिलावादले

ठान्छ । मार्क्सवादी र उदार महिलावादको संस्लेषणको रुपमा लिइन्छ । समस्त सामाजिक व्यवस्थाभित्रको यथार्थ जटिलता भित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा महिलाका यावत पक्षका बारेमा वास्तविक बुझाइ हुन सक्दछ भन्ने मान्यता यसमा पाइन्छ ।

**५) तेस्रोधार महिलावाद**

महिलामाथि हुने दमन शोषण जस्ता पक्षलाई पनि समुदाय सापेक्ष ढंगबाट बुझ्नु पर्नेमा यिनीहले जोड दिएका छन् । समाजमा हुने महिलाको पिडाहरू पनि फरक फरक हुन्छ । यसैले बृहत संरचनाभित्र बसेर समुदायमा जात, प्रजाती, लिङ्ग, अर्थ व्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक असमानताका सवालमा बुझ्नुपर्दछ भन्ने यिनीहरूको मान्यता हो (अचार्य, २०६८) ।

सन् १९७५ देखि अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदै आइरहेको छ । लगभग १०,००० महिला अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएका थिए । तथापि त्यसले घोषित गरेका महिला अधिकारलाई व्यवहारमा पूर्ण रूपमा लागु गर्न सकेको देखिँदैन । उदाहरणको रूपमा हेर्ने हो भने महिलाहरूको कृषि वातावरणका लागि लिइएको योगदानलाई वेवास्ता गरेको पाइन्छ (श्रेष्ठ तथा साथीहरू, २०६६) ।

नारीवादी लेखनको शुरूवात फ्रान्सेली युद्ध र अठारौं शताब्दीको अन्तदेखि प्रकाशनमा आएको थियो । त्यो समयमा महिलावाद, अधिकार, महिला आर्थिक कारोबारको महत्त्व र धर्मले महिलालाई होच्याएको बारे लेखिकाहरूले लेखेका थिए । त्यसको करिब दुई वर्ष अघि नै बुझ्न बाइबल जस्तो शसक्त नारीवादी पुस्तकदेखि महिलाहरू बाइबलको पुरूष पक्षीय विचारधारालाई चुनौती दिइएका थिए । उन्नाइसौं शताब्दीमा दासत्व विरूद्धमा आन्दोलन सञ्चालन गरे । यसै सिलसिलामा भएको आन्दोलनलाई Women's Suffrage Movement भनिन्छ (श्रेष्ठ तथा साथीहरू, २०६६) ।

बाँकेमा आवाज उठाउनका लागि महिला संगठित भए । केयर नेपालको विभिन्न परियोजना तथा कार्यक्रमहरू मार्फत् सुशासन साक्षरता कक्षा तालिम प्राप्त

गरिसकेपछि तालिम पाठ्यक्रमको अंशको आधारमा महिलाहरूले गाउँमा विभिन्न विभेदपूर्ण अभ्यासहरूका विरोधमा आवाज उठाउन सुरू गरे । सो अवधिमा उनीहरूले संगठनको महत्त्व बुझ्न थाले । सहभागीहरूले आफैँ संगठित भएर गा.वि.स. वा समूहगत रूपमा महिला पैरवी मञ्च गठन गरे । स्थानीय तहमा आफ्नो आवाज उठाउनका लागि यो प्रभावकारी भएतापनि समान इच्छा भएका महिलाहरू एकतृत वा संगठित नभएसम्म जिल्ला तहका नीति तथा कार्यक्रमहरूमा प्रभाव पार्न नसकिने यथार्थता उनीहरूले महसुस गरे । त्यो कुरा बुझेर उनीहरूले केही बाह्य निकायहरू जस्तै सगुन/केयर आदिको सामान्य सहयोगमा विभिन्न गाउँ तहका समूहहरू बिच अन्तरक्रिया कार्यक्रम नेपालगञ्जमा आयोजना गरेर जिल्ला महिला पैरवी मञ्च नामक गा.वि.स. तहका मञ्चहरूको महासंघ गठन गरे । अहिले ३५ गा.वि.स. का मञ्चहरू यसमा आवद्ध छन् र उनीहरूले जनवरी २००६ मा तदर्थ कार्यकारी समिति गठन गरे । हालसम्म यो संस्था दर्ता भएको छैन तर उनीहरू स्वतन्त्र मञ्चका रूपमा रहन चाहन्छन् ताकि आफू कुनै राष्ट्रिय नीति तथा नियमहरूमा बाधिनु नपरोस् र आफ्ना आवाजहरू स्वतन्त्र तथा प्रभावकारी ढंगले उठाउन सकियोस् । उनीहरूले जिल्ला तहमा उठाएका केही मुद्दाहरूमा क) महिलाको नाममा नागरिकता दिनुपर्ने, ख) महिला विरूद्ध हुने घरायसी हिंसा र सांस्कृतिक विकृतिहरू, ग) विकासका अवसरहरूमा महिलाको समान पहुँच, घ) गरिब परिवारका लागि समान वितरण प्रणाली सुनिश्चितता र ङ) दाइजो प्रथा तथा बालिका शिक्षा सम्बन्धमा आदि रहेका छन् (UNDP, २०६३) ।

सन् १९९२ मा युनिसेफले गरेको एक अध्ययन अनुसार पुरूषको भन्दा महिलाको कार्यभार २५ प्रतिशतले बढी रहेको छ । नेपालमा सन् १९७९ मा सेजले गरेको एक अध्ययन अनुसार ८६ प्रतिशत घरधन्दाका कार्य, ५७ प्रतिशत निर्वाहमुखी कार्य महिलाद्वारा सम्पादन हुन्छन् । सन् १९९३ को स्त्रीशक्तिको एक अध्ययन अनुसार ग्रामिण क्षेत्रका महिलाले आफ्नो ४१.५३ प्रतिशत र शहरी क्षेत्रका महिलाले ७६.४ प्रतिशत समय घरायसी कार्यमा बिताउँछन् । घरायसी कार्यमा महिला सहभागिता रहे पनि निर्णयमा महिलाको पहुँच रहन सकेको छैन । उत्पादित वस्तुको निर्णय गर्ने र

प्राप्त रूपियाँमा नियन्त्रण गर्ने अधिकार महिलामा छैन । घरायसी कार्यमा मात्र समय बिताउँदा अन्य पक्षमा महिलाको उच्च सहभागिता छैन । वास्तवमा घरधन्दा इकाई शक्ति सम्बन्धको इकाई पनि बन्न पुगेको छ । पुरूष शक्तिशाली रहनाले महिला पुरूषको समान मान, मर्यादा, इज्जत, पहुँच, शक्ति नभएको कारण घरधन्दा लैङ्गिक विश्लेषणको इकाई बन्न पुगेको छ (अर्याल, २०६२) ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको औचित्य

नेपालमा आदीकालदेखि नै विभिन्न जनजाती बस्दै आएका छन् । ती मध्ये वर्षौंदेखि नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दै आएका मगरमध्ये बाग्लुङ जिल्लाको राजकुत गा.वि.स. मा बसोबास गर्ने मगर जातिका महिलाहरूको बारेमा अध्ययन गर्दा निश्चित समस्याको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न मद्दत गर्दछ । यस क्षेत्रमा गरिएको अध्ययनबाट उक्त गा.वि.स.मा बसोबास गर्ने सम्पूर्ण मगर मलिाहरूको घरायसी निर्णय प्रकृयामा के कस्तो भूमिका छ भन्ने बारेमा जानकारी लिन यो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छानिएको छ ।

## ३.२ अनुसन्धनको रूपरेखा

यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ । यस अनुसन्धानले बाग्लुङ जिल्लाको राजकुत गा.वि.स.को महिलाहरूको घरायसी निर्णय प्रक्रियामा रहेको भूमिकालाई प्रभावित पार्ने जिम्मेवार तत्त्वहरूको बारेमा अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र श्रोत

विभिन्न श्रोतबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन र समाजशास्त्रीय ढंगबाट विवेचनात्मक र व्याख्यात्मक रूपमा गरिएको छ । यस अध्ययनका क्रममा दुई किसिमका श्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

**क) प्राथमिक श्रोत**

स्थलगत अध्ययन, अवलोकन, भेटघाट, प्रश्न उत्तर तथा जानकार व्यक्तिहरू आदिबाट प्राप्त गरिएको छ ।

**ख) द्वितीय श्रोत**

द्वितीय श्रोतको रूपमा पत्रपत्रिका, लेख, यस अघि भएको खोज, अनुसन्धान आदि प्रयोग गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट विधि

यस अध्ययनमा नमूना छनौटलाई च्बलमफ क्कउष्लिन विधिको प्रयोग गरिएको छ । सम्पूर्ण गा.वि.स.को प्रत्यक्ष रुपमा सर्वेक्षण गर्न कठिन भएकोले यस अध्ययनको लागि ५५८ घरधुरीमध्ये ५० वटा घरधुरी ३-५ घरको फरक पारेर छानी प्रत्येक घरका एक महिलालाई उत्तरदाताको रुपमा लिई जानकारी संकलन गरिएको छ । उत्तरदातामध्ये केहि घरमुली छन् भने धेरै जसो घरमुली छैनन् ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

**क. अन्तर्वार्ता**

यस क्षेत्रका महिलालाई प्रत्यक्ष भेटेर अध्ययनको उद्देश्य सम्बन्धित प्रश्नहरू ५० जना विवाहित महिलाहरूसँग सोधिएको प्रश्नावलीमा नसमेटिएका प्रश्नहरू जस्तै खानपान, भेषभूषा, शैक्षिक स्थिति, व्यवसायको स्थिति, वैवाहिक स्थिति जस्तै विवाहित/विधवा/पारपाचुके आदिको बारेमा बुझ्नको लागि अन्तर्वार्ता विधि अपनाइएको छ ।

**ख) प्रश्नावली**

प्रश्नावलीको माध्यनबाट अध्ययन क्षेत्रका मगर महिलाहरूको आर्थिक, सांस्कृतिक, सामाजिक पक्षका साथै उनीहरूको घरायसी निर्णय प्रकृयामा कस्तो भूमिका छ भन्ने कुरा पत्ता लगाउन प्रश्न तयार गरी तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावलीद्धारा अध्ययन क्षेत्रका महिलाहरू समक्ष सोधिएका प्रश्नहरू जस्तै : घरायसी आम्दानी राख्ने जिम्मेवारी कसले राख्नुहुन्छ ? ऋण सापट लिनेदिने कुराको निर्णय कसले गर्नुहुन्छ ? दैनिक आवश्यक घरायसी सरसामानहरू किन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ? परिवारको सदस्य विरामी पर्दा हेरचाह र औषधि उपचार कसले गर्नहुन्छ ?आदि जस्त प्रश्नहरू सोधेर तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतिकरण एवं विश्लेषण

विभिन्न किसिमका विधिबाट तथ्याङ्क सङ्कलन भइसकेपछि ती तथ्याङ्कहरूलाई आवश्यकता अनुसार सतर्कतासहित तालिका बद्ध गरी संख्यात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ र तालिकामा देखाउन नसकिने विवरणहरूलाई वर्णनात्मक विधिको प्रयोग गर्दै व्याख्या गरिएको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य जानकारी

## ४.१ भौगोलिक अवस्था

बाग्लुङ जिल्ला पश्चिमाञ्चलको धवलागिरी अञ्चलको विभिन्न जिल्लामध्ये एक प्रमुख हो । यो जिल्ला १,७८४ वर्ग कि.मी. क्षेत्रफलमा अवस्थित छ । यसको औषत लम्बाई ८२.५ कि.मी र चौडाई २३.८२ कि.मी छ । यो जिल्लालाई पूर्व - पर्वत, पश्चिम - रूकुम, रोल्पा, उत्तर - म्याग्दी, दक्षिण - गुल्मी र प्यूठान जिल्लाले घेरेको छ । यो जिल्लालाई नेपाल भित्रको नेपाल र झोलुङ्गे पुलको जिल्ला उपनामले चिनिन्छ ।

बाग्लुङ जिल्लाको नामाकरणको सम्बन्धमा विभिन्न भनाइहरू छन् :

संस्कृत भाषाका व्याँध्रालुनानीति शब्दमा 'व्याध्र"को अर्थ बाघ 'लुनानिति" को अर्थ लुत्र अर्थात् छेद्नु वा मास्नु हो । कुनै समयमा यस ठाउँमा बाघै बाघको ताँती हुनुको कारण यहाँको जनजीवन अति नै भयावह थियो । यस्तो डरलाग्दो अवस्थालाई देखेर बलियो मगर जातिका व्यक्तिहरूको समूहले बाघलाई मास्ने काम गरेकाले यस ठाउँको नाम बाघ्रलुत्र रहन गई अपभ्रंश भई बाग्लुङ रहन गएको मानिन्छ ।

त्यसैगरी बाघ प्रचलित खस भाषा हो । लुङको अर्थ लस्कर हो । त्यस समय बाघहरूको लस्कर लाग्ने थलो भएकोले यस ठाउँको नाम 'बाघलुङ' रहन गएको हो र पछि बागलुङ भएको भन्ने भनाइ छ ।

तिब्बती भाषामा 'बाग' को अर्थ केही उठेको र 'लुङ' को अर्थ मैदान हुन्छ । यसरी भू-बनावटलाई हेर्दा कतै उठेको र कतै मैदान भएकोले यस ठाउँको नाम बागलुङ भएको भन्ने प्रस्ट हुन्छ ।

बाग्लुङ जिल्ला ५९ गा.वि.स. १ नगरपालिका भएको जिल्ला हो । बाहुन र क्षेत्रीको बाहुल्यता रहेको यस जिल्लामा मगर, कामी, दमाई, नेवार, गुरूङ, थकाली लगायतका जातीको बसोबास छ ।

## ४.२ हावापानी

बाग्लुङ्ग जिल्लामा एकै प्रकारको हावापानी पाइदैन । यहाँका हावापानी निम्न प्रकारको रहेको छ ।

क) उपोष्ण ख) समसितोष्ण ग) ठण्डा शिताष्ण घ) लेकाली ङ) हिमाली

बाग्लुङ्ग जिल्लामा अधिकतम तापक्रम बैशाख जेठतिर ३७.५ डिग्री सेल्सियस र पुस माघतिर न्यूनतम तापक्रम ६.५ डिग्री सेल्सियससम्म भएको पाइन्छ । यहाँ वार्षिक वर्षा २,२०० मिलिलिटर र न्यूनतम वर्षा १०.९ मिलिलिटर हुने गर्छ ।

## ४.३ ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरू

बाग्लुङ जिल्लामा ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरू पनि रहेका छन् । जसमध्ये विश्वशान्ती सर्वसिद्धिधाम पञ्चकोट, प्रसिद्ध कालिका भगवती, ढोरपाटन बराह मन्दिर, अर्नाकोट, रामकोट मन्दिर, थन्थापी माई भगवती मन्दिर, देवीस्थान मन्दिर, प्याराग्लाइडिङ प्वाईन्ट, ताराजालकोट, कारीकोट, संसारकोट, गाजा दह, भकुन्डे धुरी र मुलाबारी धुरी, पञ्जाको धुरी, चमेरे गुफा, घुम्टेको लेक, शिवधुरी, घोडा बोध आदि प्रमुख छन् ।

## ४.४ जिल्लाको प्रसिद्ध वस्तुहरू प्राप्त हुने स्थानहरू

बाग्लुङ्ग जिल्लामा विभिन्न वस्तुहरू विभिन्न स्थानमा प्रशस्त पाइन्छ जस्तै : नेपाली हाते कागज, ताराखोला, तमान, बुंगादोभानमा पाइन्छ । जलजला अमरभूमि बुट्टेनली पाइने स्थान हो । राडीपाखीको लागि पाण्डवरखानी, बुंगादोभान, निसी प्रख्यात छ ।

स्लेट ढुंगा तारा, अर्गल, अमरभूमी, जैदी र कार्थिङ ढुंगा, कुश्मीशेरा, अमलाचौरमा पाइन्छ ।

## ४.५ जनसंख्या

बाग्लुङ जिल्लाको कुल जनसंख्या २,६८,९३७ रहेको छ । जसमध्ये महिला संख्या १,४५,४०९ र पुरूष संख्या १,२३,५२८ रहेको छ । जसमा परिवारसंख्या ५३,५६५ छ । त्यस्तै अध्ययन क्षेत्र राजकुत गा.वि.स.को घरधुरी संख्या ५५८ रहेको छ जसको कुल जनसंख्या २,६८९ छ । जस मध्ये पुरूष संख्या १,१४१ र महिला संख्या १,५४८ रहेको छ । जसमा विभिन्न जातजातीहरूको मिश्रित रूपमा बसोबास रहेको छ । जस्तै : बाहुन, क्षेत्री, गुरूङ, मगर, नेवार, कामी, दमाई, सार्की आदि । आफ्नो जाती समूहभित्र आफ्नै मातृभाषा बोले पनि समग्रमा सामान्य बोलचालको भाषामा 'नेपाली' भाषा बोल्ने गरेको पाइन्छ ।

(श्रोत : केन्द्रीय तथ्याङ्क विभाग)

## ४.६ शैक्षिक अवस्था

सामाजिक विकास तथा परिवर्तनको लागि नभै नहुने प्रमुख आधार शिक्षा नै हो । अन्य क्षेत्रमा जस्तै शिक्षा क्षेत्रमा पनि छोरा र छोरीमा भेद जस्तै : छोरालाई बोर्डिङ स्कुलमा पढाउने छोरीलाई सरकारी स्कुलमा पढाउने जस्ता कुरा न्यून मात्रामा भएपनि यस क्षेत्रमा देख्न सकिन्छ । तरपनि यस गाउँको शैक्षिक स्थिति ठूला शहरहरूको तुलनामा कमजोर देखिएपनि आफूले नपढेर दुःख पाएको हुँदा छोराछोरी स्कुल पठाएको देखिन्छ । बाग्लुङ जिल्लाको कुल साक्षरता प्रतिशत ५९.८२ महिला साक्षरता प्रतिशत ४८.३५ र पुरूष साक्षरता प्रतिशत ७१.२८ रहेको छ । त्यस्तै बाग्लुङ जिल्लामा कम साक्षरता प्रतिशत भएको गा.वि.स. राजकुत (२१.५३ प्रतिशत) हो ।

## ४.७ स्वास्थ्य सेवा

यस क्षेत्रमा विरामी पर्दा डाक्टरकहाँ जचाउन्न जाने गरेको पाइयो । त्यस्तै परिवार नियोजन सम्बन्धी जानकारी प्रायः धेरैजसोमा रहेको पाइयो । बाग्लुङ जिल्लामा अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र ३ (कुश्मीशेरा, हरिचौर, बुर्तिबाङ) स्वास्थ्य चौकी ९, उपस्वास्थ्य चौकी ४९, आयुर्वेदिक औषधालय - अञ्चल स्तरीय १, गा.वि.स. स्तरीय ४ रहेका छन् ।

## ४.८ सञ्चार तथा यातायात, खानेपानी, विजुली

यस जिल्लामा सडक यातायतको पहुँच पुगेको छ । भने अध्ययन क्षेत्रमा यातायातको पहुँच त्यति राम्रोसँग पुग्न सकेको देखिँदैन ।

सञ्चार क्षेत्रको कुरा गर्नुपर्दा टेलिफोन, प्रिपेड मोबाइल, पोष्पोड मोबाइल जस्ता सञ्चार माध्यमको उपलब्धता छ । त्यस्तैगरी यस जिल्लामा जम्मा ६२ हुलाक, जिल्ला हुलाक १, इलाका हुलाक १३, अतिरिक्त हुलाक ४८ कार्यालयहरू रहेका छन् । जिल्लामा सञ्चालित एफ.एम.हरूमा धौलागिरी एफ.एम, बाग्लुङ सामुदायिक एफ.एम बाग्लुङ रहेका छन् । जिल्लामा प्रकाशन हुने पत्रिकाहरूमा - ढोरपाटन दैनिक, धौलागिरी स्टार साप्ताहिक, धौलागिरी जागरण अर्ध साप्ताहिक, धौलागिरी जागरण अर्ध साप्ताहिक आदि छन् ।

खानेपानी अन्तर्गत राजकुत गा.सिव.स.मा पिउने पानीको सुविधा त्यति राम्रोसँग सबैतिर उपलब्ध हुन सकेको छैन । तर पनि प्रायःजसो स्थानमा स्थानीय जनताको सहयोगमा ठाउँ ठाउँमा खानेपानीको धाराको व्यवस्था गरिएको पाइन्छ । राजकुत गा.वि.स.मा लघु जलविद्युत आयोजनाले गर्दा लोडसेडिङको समस्याको पीडित हुन परेको छैन । जहाँ स्थानीय जनताको श्रमबाट यो अवस्था आएको पाइन्छ ।

## ४.९ धर्म र सँस्कृति

नेपाल एक बहुजातिय बहुभाषिक र धार्मिक सहिष्णुता भएको एउटा सुन्दर मुलुक भएको हुनाले यहाँ प्राचीन कालदेखि नै विभिन्न जातजातीहरूको आफ्नै धर्म, रीतिरिवाज, भेषभूषा, पेशा, मूल्य र मान्यताहरू रहि आएको पाइन्छ । यही सन्दर्भमा यस जिल्लाका बासिन्दाहरू आफ्नो जातीय चलन अनुसार विभिन्न चाडपर्वहरू मनाउँछन् । जस्तै : तिहार, दशैं, ल्होसार, रामनवमी, तीज, क्रिसमस आदि । बाग्लुङ जिल्लामा बोलिने भाषाहरूमा नेपाली, मगर, नेवारी, तामाङ आदि रहेका छन् ।

यहाँ मानिने प्रमुख धर्महरू :

हिन्दू - ८३.६१

बौद्ध - १५.२८

किराँत - ०.०१

क्रिश्चियन - ०.०९

सिख - ०.०४

इस्लाम - ०.१६

अन्य - ०.८१

(स्रोत : तथ्याङ्क शाखा कार्यालय, २०६२ बाग्लुङ ।)

# अध्याय - पाँच

# महिलाहरूको सामाजिक-आर्थिक विशेषता र निर्णय प्रकृयामा भूमिका

## ५.१ उत्तरदाताको सामान्य जानकारी

### ५.१.१ उत्तरदाताको उमेर

प्रस्तुत तालिकामा उत्तरदाताहरूको उमेर समूहलाई १०-२०, २०-३०, ३०-४०, ४०-५०, ५०-६० र ६० भन्दा माथि आदि विभिन्न समूहमा वर्गीकरण गरिएको छ ।

**तालिका नं. - १ : उत्तरदाताको विश्लेषण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ८ | १६ |
| ३०-४० | १५ | ३० |
| ४०-५० | १७ | ३४ |
| ५०-६० | ८ | १६ |
| ६० भन्दा माथि | २ | ४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १ बाट के देखिन्छ भने ४०-५० वर्ष उमेर समूहमा सबभन्दा बढी उत्तरदाता अर्थात् १७ जना (३४ प्रतिशत) रहेका छन् र त्यस्तै अन्य उमेर समूहहरू २०-३०, ३०-४०, ५०-६० र ६० वर्षभन्दा माथिका क्रमशः ८, १५, ८ र २ जना उत्तरदाताहरू पाइयो ।

## ५.१.२ उत्तरदाताको शैक्षिक गतिविधि

सर्वेक्षण क्षेत्रमा महिला शैक्षिक अवस्था विभिन्न प्रकारको देखिएको छ ।

**तालिका नं. - २ : उत्तरदाताको शैक्षिक विश्लेषण**

| **शैक्षिक अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अशिक्षित | १२ | २४ |
| साधारण लेखपढ | ८ | १६ |
| एस.एल.सी तल | ११ | २२ |
| एस.एल.सी | ९ | १८ |
| एस.एल.सी भन्दा माथि | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २ मा महिलाको जम्मा संख्या ५० जना मध्ये अशिक्षित १२ जना (२४ प्रतिशत), साधारण लेखपढमा ८ जना (१६ प्रतिशत), एस.एल.सी भन्दा मुनि पढेकाहरूको संख्या ११ जना (२२ प्रतिशत) रहेको छ, भने एस.एल.सी सम्म पास गर्ने महिलाहरूको संख्या ९ जना (१८ प्रतिशत) रहेको छ । त्यस्तै एस.एल.सी भन्दा माथि पढेका महिलाहरूको संख्या १४ जना (२० प्रतिशत) जस अन्तर्गत प्रविणता र स्नातक गर्नेहरू रहेका छन् । शिक्षित मध्येका सबैभन्दा बढी एस.एल.सी मुनि ११ जना (२२ प्रतिशत) छन् भने सबैभन्दा कम साधारण लेखपढ गर्नेहरू ८ जना (१६ प्रतिशत) भएको पाइयो ।

### ५.१.३ वैवाहिक स्थिति

यो अध्ययन सबै विवाहित महिलाहरूलाई नै केन्द्रित गरी गरिएको हो । अविवाहित महिलाहरूको तुलनामा विवाहित महिलाहरूको घरायसी कामकाज र निर्णय प्रक्रियामा बढी जिम्मेवारी रहने भएकोले यो अध्ययन पनि विवाहित महिलाहरूमा केन्द्रति गरिएको हो ।

**तालिका नं. - ३ : वैवाहिक स्थिति**

| **वैवाहिक स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ४३ | ८६ |
| विधुवा | ५ | १० |
| पारपाचुके | २ | ४ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ३ बाट उत्तरदाताहरूको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश महिलाहरू विवाहित अर्थात् श्रीमान् श्रीमती नै रहेको अवस्थामा ४३ जना (८६ प्रतिशत) । त्यस्तै विधवा र पारपाचुके भएको महिलाहरूको संख्या क्रमश: ५ (१० प्रतिशत) र २ (४ प्रतिशत) रहेको छ ।

### ५.१.४ समग्र जनसंख्याको उमेर अनुसार लैङ्गिक विश्लेषण

प्रस्तुत तालिकामा अध्ययन क्षेत्रका उत्तरदाता लगायत उत्तरदाताका सम्पूर्ण परिवारको अर्थात् छनौटमा परेका घरधुरीहरूको समग्र जनसंख्याको उमेर र लैङ्गिक स्थितिको तुलनात्मक विश्लेषण गरिएको छ ।

**तालिका नं. - ४ छानिएका घरधुरीको समग्र जनसंख्याको उमेर अनुसार लैङ्गिक विश्लेषण**

| उमेर | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| समूह | पुरूष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| ०-१० | ११ | ९.७ | ७ | ५.७ | १८ | ७.६ |
| १०-२० | २० | १७.७ | ३४ | २७.९ | ५४ | २३.० |
| २०-३० | ३० | २६.५ | १९ | १५.९ | ४९ | २०.८ |
| ३०-४० | १९ | १६.८ | १९ | १५.९ | ३८ | १६.२ |
| ४०-५० | १७ | १५.० | १८ | १४.७ | ३५ | १४.९ |
| ५०-६० | ६ | ५.३ | १३ | १०.६ | १९ | ८.१ |
| ६० माथि | १० | ८.८ | १२ | ९.८ | २२ | ९.४ |
| **जम्मा** | **११३** | **१००** | **१२२** | **१००** | **२३५** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ४ अनुसार हेर्दा अध्ययन क्षेत्र अर्थात् छनौटमा परेका घरधुरीमा जम्मा जनसंख्या २३५ जना छ जसमध्ये पुरूषको संख्या ११३ र महिलाको संख्या १२२ रहेको छ । पुरूषहरू २०-३० वर्षको उमेर समूहमा सबैभन्दा बढी ३० जना (२६.५ प्रतिशत) र सबैभन्दा कम ५०-६० वर्षको उमेर समूहमा ६ जना (५.३ प्रतिशत) छन् । त्यस्तैगरी महिलाहरू १०-२० वर्षको उमेर समूहमा सबैभन्दा बढी ३४ जना (२७.९ प्रतिशत) र सबैभन्दा कम ०-१० वर्षको उमेर समूहमा ७ जना (५.७ प्रतिशत) छन् । यस प्रकार कुल जनसंख्यामा तुलनात्मक रूपमा पुरूषको भन्दा महिलाको संख्या बढी रहेको छ ।

### ५.१.५ समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण

प्रस्तुत तालिकामा अध्ययन क्षेत्रका उत्तरदाता लगायत उत्तरदाताका सम्पूर्ण परिवारको अर्थात् छनौटमा परेका घरधुरीहरूको समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण गरिएको छ ।

**तालिका नं. - ५ : छानिएका घरधुरीहरूको समग्र जनसंख्याको लिङ्ग अनुसार शैक्षिक विश्लेषण (६ वर्षभन्दा माथिका)**

| **शैक्षिक अवस्था** | **लिङ्ग** | | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| | **पुरूष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | | |
| अशिक्षित | २ | १.९ | २६ | २२.४ | २८ | १२.६ |
| साधारण लेखपढ | ७ | ६.६ | १० | ८.६ | १७ | ७.६ |
| एस.एल.सी.भन्दा तल | ३८ | ३५.८ | ३७ | ३१.९ | ७५ | ३३.८ |
| एस.एल.सी. | १४ | २३.२ | ९ | ७.७ | २३ | १०.४ |
| एस.एल.सी.भन्दा माथि | ४५ | ४२.४ | ३४ | २९.३ | ७९ | ३५.६ |
| **जम्मा** | **१०६** | **१००** | **११६** | **१००** | **२२२** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ५ अनुसार अशिक्षित पुरूषहरूको संख्या जम्मा २ छ भने अशिक्षित महिलाहरूको संख्या २६ छ । साधारण लेखपढ गर्नेहरू पुरूषहरूभन्दा महिलाहरू धेरै छन् भने एस.एल.सी.भन्दा कम पढ्ने महिला तथा पुरूषहरूको संख्या बराबर जस्तै रहेको छ । त्यसैगरी एस.एल.सी. र सोभन्दा माथि प्रमाणपत्र र स्नातकोत्तरसम्म पढ्ने पुरूषहरूको संख्या तुलनात्मक रूपमा महिलाको भन्दा धेरै छ ।

## ५.२ आर्थिक विश्लेषण

महिलाहरूको आर्थिक क्रियाकलापमा ठूलो भूमिका छ । सामान्यतः महिलाहरूले गर्दै आएको घर तथा खेतबारीको काम राष्ट्रिय आयमा समावेश हुन सकेको छैन । सम्पत्ति सम्बन्धी भेदभावपूर्ण कानुनको फलस्वरूप आर्थिक साधन स्रोतमा महिलाको पहुँच र नियन्त्रण कम छ । यस अन्तर्गत उत्तरदाताको पेशा, छनौटमा परेका घरधुरीका सम्पूर्ण जनसंख्याको पेशा, आम्दानीको मात्रा, उत्तरदाताको निजी सम्पत्ति वा पेवा, घरायसी आम्दानीको राखनधारण र परिचालन, आर्थिक लेनदेन, घरायसी सरसामानहरूको किनमेल, घरभित्र बाहेक बाहिर हुने खर्च, पशुपालन तथा खेतीपातीमा हुने आर्थिक कारोबार आदि सम्बन्धी विश्लेषण गरिएको छ ।

### ५.२.१ उत्तरदाताको पेशागत आधारमा विश्लेषण

यस अध्ययन क्षेत्रमा उत्तरदाताहरू विभिन्न पेशामा आवद्ध छन् जसलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - ६ : उत्तरदाताको पेशागत विश्लेषण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ३० |
| व्यवसाय | १६ | ३२ |
| जागिर | १२ | २४ |
| ज्यालादारी | ७ | १४ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ६ बाट कृषिमा मात्र संलग्न उत्तरदाता अर्थात् महिलाहरूको संख्या १५ (३० प्रतिशत) रहेको छ । त्यसैगरी व्यवसाय, पेशा तथा ज्यालादारी गरी आर्थिक कारोबार सञ्चालन गर्नेहरूको संख्या क्रमशः १६ (३२ प्रतिशत), १२ (२४ प्रतिशत) र

७ (१४ प्रतिशत) रहेको छ । व्यवसाय गर्ने महिलाहरूमा ३ जना सिलाई कटाई गर्ने र २ जना रक्सी बनाई बेच्ने पर्दछन् । दैनिक ज्यालादारी गर्नेहरूमा ३ जनाले घरायसी कामदारको रूपमा अर्काको घरमा काम गर्नेहरू छन् भने अन्यमा मेला जाने, दाउरो ल्याई बेच्नेहरू पर्दछन् । यी उत्तरदाताहरूमध्ये कोही शिक्षक पेशामा संलग्न छन् भने कोही नर्स पेशामा संलग्न छन् ।

### ५.२.२ समग्र जनसंख्याको लिङ्ग अनुसार पेशागत विश्लेषण

यस अन्तर्गत उत्तरदाता लगायत छनौटमा परेका सम्पूर्ण घरधुरीको समग्र जनसंख्याको पेशागत श्लिेषण गरिएको छ ।

**तालिका नं. - ७ : छनौटमा परेका घरधुरीको समग्र जनसंख्याको लैङ्गिक पेशागत विश्लेषण (६ वर्षभन्दा माथिका)**

| पेशागत अवस्था | लिङ्ग | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरूष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| कृषि | १५ | १४.१५ | ३१ | २६.७२ | ४६ | २०.७२ |
| विद्यार्थी | ३४ | ३२.०७ | ३३ | २८.४५ | ६७ | ३०.१८ |
| पेशा | ३५ | ३३.०१ | २० | १७.२४ | ५५ | २४.७७ |
| व्यवसाय | १६ | १५.०९ | २० | १७.२४ | ३६ | १६.२२ |
| ज्यालादारी | ६ | ५.६६ | १२ | १०.३४ | १८ | ८.१० |
| **जम्मा** | **१०६** | **१००** | **११६** | **१००** | **२२२** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ७ बाट सर्वेक्षणको लागि छनौटमा परेका घरधुरीहरूको समग्र जनसंख्याको पेशागत विश्लेषणमा आधारित छ । समग्र महिलासंख्या ११६ मध्ये सबैभन्दा बढी संलग्नता विद्यार्थी रहेको पाइयो जसको संख्या ३३ जना (२८.४५ प्रतिशत) रहेको छ । त्यसपछि कृषि पेशामा महिला संलग्नता ३१ जना (२६.७२ प्रतिशत) रहेको छ । जागिरमा, व्यवसाय र ज्यालादारीमा क्रमशः २० जना (१७.२४ प्रतिशत), २० जना (१७.२४ प्रतिशत) र १२ जना (१०.३४ प्रतिशत) महिलाहरूको

संलग्नता रहेको छ । त्यसैगरी समग्र पुरूष संख्या १०६ जना मध्ये जागिरमा पुरूषहरूको बढी संलग्नता रहेको देखिन्छ जसको संख्या ३५ जना (३३.०१ प्रतिशत) रहेको छ भने विद्यार्थीको संख्या पनि ३४ जना (३२.०७ प्रतिशत) रहेको छ । विद्यार्थी र अन्य जागिर पेशामा लाग्ने पुरूषहरूको संख्या लगभग बराबर जस्तै रहेको छ । त्यसपछि कृषि, व्यवसाय र ज्यालादारीमा लाग्ने पुरूषहरूको संख्या क्रमशः १५ जना ( १४.१५ प्रतिशत), १६ जना (१५.०९ प्रतिशत) र ६ जना (५.६६ प्रतिशत) रहेको छ । यसरी महिला र पुरूषको पेशागत विश्लेषणलाई तुलनात्मक रूपमा हेर्ने हो भने कृषिमा पुरुषमा भन्दा महिलाहरू नै बढी संलग्न रहेको पाइयो र विद्यार्थी जागिर जस्ता क्षेत्रमा तुलनात्मक रूपमा महिलाहरू भन्दा पुरूषहरू नै बढी संलग्न रहेको पाइयो ।

### ५.२.३ उत्तरदाताको आय विश्लेषण

उत्तरदाताको आयलाई चार भागमा राखी तलको तालिकामा उत्तरदाताको मासिक आय विश्लेषण गरिएको छ ।

**तालिका नं. - ८ : उत्तरदाताको मासिक आय विश्लेषण**

| **आय (रूपैयाँ)** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १०००-३००० | ८ | १६ |
| ३००१-६००० | २० | ४० |
| ६००१-१०००० | १० | २० |
| १०००१ देखि माथि | १२ | २४ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ८ अनुसार सबैभन्दा बढी ३,००१-६,००० सम्म मासिक आम्दानी हुने २० जना (४० प्रतिशत) र सबैभन्दा कम १,०००-३,००० रूपैयाँसम्म मासिक आम्दानी हुने ८ जना (१६ प्रतिशत) पाइयो । ६,००१-१०,००० सम्म र १०,००१ देखि

माथि आम्दानी हुनेहरूको संख्या क्रमशः १० जना (२० प्रतिशत) र १२ जना (२४ प्रतिशत) रहेको पाइयो । समग्रमा हेर्दा यस अध्ययन क्षेत्रको आर्थिक स्थिति राम्रो नै भेटिएको छ । प्रायः सबै घरका मान्छेहरू कृषि, जागिर वा व्यवसाय कुनै न कुनै पेशामा संलग्न रहेकाले आर्थिक स्थिति त्यति कमजोर नभएको पाइयो ।

### ५.२.४ उत्तरदाताको निजी सम्पत्ति (दाइजो वा पेवा) सम्बन्धी विश्लेषण

महिलाहरूले माइतीबाट पाएको सम्पत्तिलाई दाइजो र माइतीबाट वा अरू कसैले दिएको अथवा अरू कुनै माध्यमबाट आफ्नो मात्र स्वामित्व रहने गरी राखेको नगद वा जिन्सी सम्पत्तिलाई पेवा मानिएको छ ।

प्रस्तुत तालिकामा छानिएका उत्तरदाताहरूलाई आफ्नो निजी सम्पत्ति (दाइजो वा पेवा) केही छ कि छैन भनी सोधिएको प्रश्नमा आएको जानकारीको विश्लेषण गरिएको छ ।

**तालिका नं. - ९ : उत्तरदाताको दाइजो वा पेवा सम्बन्धी विश्लेषण**

| दाइजो वा पेवा | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १६ | ३२ |
| छैन | ३४ | ६८ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ९ अनुसार १६ जना (३२ प्रतिशत) महिलाहरूले आफ्नो दाइजो वा पेवा भएको बताए भने ३४ जना (६८ प्रतिशत) महिलाहरूले आफ्नो निजी सम्पत्ति ( दाइजो वा पेवा) नभएको बताए । जसमध्ये केहीले आफ्नो माइतीबाट दिएको दाइजो भएपनि आफ्नो निजी स्वामित्व मात्र नभई पारिवारिक स्वामित्वमा नै रहेको बनाए ।

### ५.२.५ घरायसी आम्दानी राख्ने जिम्मेवारी

कृषि, जागिर, पेशा व्यवसाय, ज्यालादारी अर्थात् अन्य विभिन्न माध्यमबाट घरायसी आर्थिक कारोबार सञ्चालन गर्नको लागि गरिएको आर्जनलाई घरायसी आम्दानीमा राखिएको छ । कसैको घरमा घरको एउटा सदस्यले मात्र घरको सम्पूर्ण आम्दानी राखी आर्थिक परिचालन गर्दछन् भने कसैको घरमा सबै जनाले पनि राख्ने गर्दछन् । यसै क्रममा अध्ययन क्षेत्रमा घरायसी आम्दानी राख्ने जिम्मेवारीको बारेमा आएको जानकारी प्रस्तुत तालिकामा विश्लेषण गरिउको छ ।

**तालिका नं. - १० : घरायसी आम्दानी राख्ने जिम्मेवारीको आधारमा विश्लेषण**

| **घरायसी आम्दानी राख्ने व्यक्ति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | १९ | ३८ |
| पुरूष | १५ | ३० |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १० मा देखाइए अनुसार अध्ययन क्षेत्रका १९ जना (३८ प्रतिशत) महिलाहरूले मात्र, १५ जना (३० प्रतिशत) पुरूषहरूले मात्र र १६ जना (३२ प्रतिशत) महिला र पुरूष दुवैले आफ्नो घरको आम्दानी राख्ने गरेको पाइयो ।

### ५.२.६ घरायसी खर्चको निर्णयकर्ता सम्बन्धी विश्लेषण

साधारणदेखि लिएर विशेष खालका सम्म विभिन्न किसिमका हुने घरायसी खर्चहरूको सम्बन्धमा घरमा कसको निर्णायक भूमिका रहेको छ भन्ने बारेमा विश्लेषण प्रस्तुत तालिकामा गरिएको छ ।

**तालिका नं. - ११ : घरायसी खर्च सम्बन्धी निर्णायक भूमिकाको तालिका**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १५ | ३० |
| पुरूष | १२ | २४ |
| दुवै | २३ | ४६ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ११ अनुसार ५० वटा छानिएका घरधुरीहरू मध्ये १५ वटा (३० प्रतिशत) घरहरूमा घरायसी खर्चहरू गर्ने कुरामा महिलाले नै निर्णय गर्ने गरेको पाइयो । जसमध्ये ४ जना विधवा, एकजनाको श्रीमान् जँड्याहा र एकजनाको श्रीमान्सँग पारपाचुके गरेको पाइयो । बाँकी ९ वटा घरहरूमा भने घर परिवार अर्थात् श्रीमान्ले नै घरायसी कुरामा निर्णय गर्नको लागि पूरा अधिकार दिएको पाइयो । १२ वटा (२४ प्रतिशत) घरहरूमा पुरूषले नै घरायसी खर्चमा निर्णय गर्ने गरेको पाइयो भने २३ वटा (४६ प्रतिशत) घरहरूमा महिला, पुरूष (श्रीमान्/श्रीमती, आमा/छोरा, सासु/ससुरा, ससुरा/बुहारी) को सरसल्लाहबाट निस्केको सहमतिमा अर्थात् घरायसी खर्च गर्ने कुरामा दुवैको निर्णायक भूमिका रहेको घरहरूको संख्या नै बढी पाइयो ।

### ५.२.७ ऋण सापट लिनेदिने कुराको निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर व्यवहार चलाउनको लागि घरभित्रदेखि बाहिरसम्म विभिन्न आर्थिक कारोबारहरू गर्नुपर्ने हुन्छ जसमध्ये ऋण सापट लिनेदिने कुरा पनि एक प्रमुख हो । आफ्नो घरको आवश्यकता पूरा गर्न अर्थात् छरछिमेकी, आफन्त, साथीभाइहरूको आवश्यकता पूरा गर्नको लागि ऋण सापटीहरू लिनदिने कुरामा घरमा प्रमुख निर्णायक भूमिका कसको रहेको हुन्छ भन्ने बारेमा विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - १२ : ऋण सापट लेनदेन सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| **निर्णयकर्ता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरूष | २१ | ४२ |
| दुवै | १७ | ३४ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १२ अनुसार छानिएका ५० वटा घरधुरीमा गरिएको सर्वेक्षण अनुसार सबैभन्दा बढी २१ वटा (४२ प्रतिशत) घरहरूमा ऋण सापट लिनदिने कुरामा प्रमुख निर्णयकर्ता पुरूष रहेको र सबैभन्दा कम १२ वटा (२४ प्रतिशत) घरहरूमा घरायसी ऋण सापट लिने दिने कुरामा प्रमुख निर्णयकर्ता महिला रहेको पाइयो भने १७ वटा (३४ प्रतिशत) घरहरूमा महिला पुरूष दुवै मिलेर नै यस बारेमा निर्णय गरेको जानकारी आयो ।

## ५.२.८ दैनिक आवश्यक घरायसी सरसामानहरू किन्ने कुराको निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर सञ्चालनको लागि दैनिक विभिन्न सर सामानहरूको आवश्यकता परिरहेको हुन्छ । खानेकुरादेखि लिएर अन्य विभिन्न सामानहरू यस अन्तर्गत पर्दछन् । यी सबै कुराहरू दैनिक घरभित्र उपलब्ध भइरहँदैन, जसले गर्दा यस्ता स-साना र अति आवश्यकीय सरसामानहरू दिनदिनै जसो किन्नु पर्ने हुन्छ । यस्तो किन्ने कुरामा घरमा कसले निर्णय गर्छ भन्ने बारेमा अध्ययन क्षेत्रबाट आएको जानकारीको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - १३ : दैनिक आवश्यक घरायसी सामानहरू किन्ने सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २४ | ४८ |
| पुरूष | १० | २० |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १३ बाट हेर्दा यस अध्ययन क्षेत्रमा २४ जना (४८ प्रतिशत) महिलाहरू दैनिक घरायसी किनमेलमा प्रमुख निर्णयकर्ता रहेको पाइयो । त्यसैगरी १६ वटा (३२ प्रतिशत) घरहरूमा यस्ता सामानहरू किनमेल गर्ने कुरामा महिला पुरूष दुवै मिलेर निर्णय गर्ने जानकारी पाइयो ।

### ५.२.९ विशेष खालका घरायसी किनमेल गर्ने निर्णयकर्ता सम्बन्धी विश्लेषण

अध्ययनले देखाए अनुसार घरका विशेष खालका सरसामानहरू किन्ने बेलामा महिलाहरूले स्वयम् स्वतन्त्र रूपले निर्णय गर्न सकेको पाइएन । उनीहरूले पुरूषहरूको सल्लाह लिनुपर्ने अथवा पुरूषहरू नै धेरै जसो प्रमुख निर्णयकर्ता रहने गरेको देखियो । यस क्षेत्रमा विशेष खालका घरायसी सामानहरू भन्नाले विलासिताका बस्तुहरू जस्तै : गरगहना, टि.भी., साइकल, मोटरसाइकल तथा अन्य ठूला ठूला सामानहरू पर्दछन् । प्रस्तुत तालिकामा अध्ययन क्षेत्रको विशेष खालका घरायसी किनमेल गर्ने सम्बन्धमा प्रमुख निर्णयकर्ता को छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. - १४ : विशेष खालका घरायसी किनमेल सम्बन्धमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरूष | २५ | ५० |
| दुवै | १३ | २६ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १४ अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरीमध्ये २५ वटा (५० प्रतिशत) घरमा घरका विशेष खालका घरायसी किनमेल गर्ने कुरामा पुरूष प्रमुख निर्णायक रहेको पाइयो भने १२ वटा (२४ प्रतिशत) घरहरूमा महिलाको प्रमुख निर्णायक भूमिका रहेको र १३ वटा (२६ प्रतिशत) घरहरूको विशेष खालका घरायसी किनमेलमा महिला पुरूष दुवै जनाको नै निर्णायक भूमिका रहेको पाइयो ।

## ५.२.१० छरछिमेक तथा आफन्तमा हुने विहेवारी जस्ता उत्सवमा हुने सामान्य खर्च गर्ने कुरामा निर्णयकर्ता सम्बन्धी विश्लेषण

घरभित्रका विभिन्न खर्चहरूमध्ये यस्ता किसिमका खर्च पनि आई परिरहन्छन् । यस्ता खर्चहरू के कति गर्ने हो भन्ने कुराको निर्णायक भूमिका घर परिवारमा कसको बढी रहन्छ भन्ने बारेमा अध्ययन क्षेत्र सर्वेक्षणबाट जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - १५ : छरछिमेक तथा आफन्तमा हुने विहेवारी जस्ता उत्सवमा हुने सामान्य खर्च गर्ने कुरामा निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १० | २० |
| पुरूष | २४ | ४८ |
| दुवै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १५ मा छरछिमेक तथा आफन्तमा हुने विहेवारी जस्ता उत्सवमा हुने खर्चको बारेमा २४ वटा (४८ प्रतिशत) घरहरूमा प्रमुख निर्णयकर्ता पुरूष रहेको, १० वटा (२० प्रतिशत) घरहरूमा प्रमुख निर्णयकर्ता महिला रहेको पाइयो । त्यसैगरी १६ वटा (३२ प्रतिशत) घरहरूमा महिला पुरूष दुवैको सरसल्लाह हुने र दुवै नै प्रमुख निर्णयकर्ताको रूपमा रहेको पाइयो ।

### ५.२.११ खेतीपाती तथा पशुपालन गर्ने क्रममा लाग्ने खर्च सम्बन्धमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

खेतीपाती तथा पशुपालन गर्ने क्रममा लाग्ने खर्च सम्बन्धमा प्रमुख निर्णायक भूमिका कसको रहेको छ भन्ने बारेमा विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - १६ : कृषिमा लाग्ने खर्च सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरूष | २० | ४० |
| दुवै | १२ | २४ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १६ मा कृषि कार्यमा महिलाहरूको संलग्नता बढी रहेकोले अन्य खर्चको निर्णयमा भन्दा कृषिमा लाग्ने खर्चको निर्णयमा बढी भूमिका रहेको देखिएको छ । तापनि तुलनात्मक रूपमा पुरूषहरू नै बढी निर्णयकर्ताको रूपमा रहेका छन् । अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरभुरीमध्ये २० वटा (४० प्रतिशत) घरहरूमा कृषिमा गरिने खर्चमा प्रमुख निर्णयकर्ता पुरूष रहेका छन्, १८ वटा (३६ प्रतिशत) घरहरूमा महिला निर्णयकर्ता रहेका छन् भने १२ वटा (२४ प्रतिशत) घरहरूमा महिला पुरूष दुवै निर्णयकर्ताको रूपमा रहेका छन् ।

### ५.२.१२ कृषि उपजको बिक्री वितारणमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

खेतीपाती तथा पशुपालन गर्ने क्रममा उत्पादन गरिएका खाद्यान्नहरू सबै खपत हुँदैन । सालभरी खान नपुग्ने नै भए पनि सबै बालीहरू आफैले सदुपयोग नगरी बिक्री गरेर त्यसको सट्टामा अरू अन्न किन्ने गरेको पनि देखिन्छ । त्यस्तै गाई भैंसीबाट दूध, घिउ, बाखा, कुखुरा, अण्डा आदि पनि बिक्री गर्ने गरिन्छ । यस अध्ययन क्षेत्रमा पनि सबै घरहरूमा केही न केही कृषि उपजहरू बिक्री गर्ने गरेको पाइयो । त्यसैले प्रस्तुत तालिकामा कृषि उपजको बिक्री वितरण गर्ने सम्बन्धमा घरमा कसले निर्णय गर्छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. - १७ : कृषि उपजको बिक्री वितारणमा निर्णयकर्ता सम्बन्धी विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १३ | २६ |
| पुरूष | १७ | ३४ |
| दुवै | २० | ४० |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार ५० वटा घरधुरीमध्ये कृषि उपजको बिक्री वितरण गर्ने सम्बन्धमा १७ वटा (३४ प्रतिशत) घरहरूमा पुरूषले निर्णय गर्ने, १३ वटा (२६ प्रतिशत) घरहरूमा महिलाले निर्णय गर्ने गरेको पाइयो भने २० वटा ( ४० प्रतिशत) घरहरूमा महिला पुरूष दुबै मिलेर कृषि उपजको बिक्री वितरण गर्ने कुरामा निर्णय गर्ने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा धेरै ठूलो मात्रामा खेतीपाती र पशुपालन गर्ने नभई थोरै मात्रामा मात्रै खेतीपाती तथा पशुपालन गर्नेहरूको संख्या धेरै भएको पाइयो ।

## ५.३ घरायसी क्रियाकलाप

घरायसी क्रियाकलाप अन्तर्गत घरभित्रका विभिन्न कामहरू जस्तै : खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, घर सरफाई गर्ने, बच्चा तथा बुढापाकाको हेरचाह गर्ने, घरायसी किनमेल गर्ने आदि जस्ता अन्य धेरै कामहरू पर्दछन् । यस अध्ययन क्षेत्रमा पनि समग्र नेपाली समाजमा जस्तै यस्ता किसिमका घरायसी कामहरूमा महिलाहरूले धेरै समय बिताएको देखिएको छ । पुरूषहरूले पनि केहि मात्रामा यस्ता काममा सहयोग गर्ने गरेको पाइएता पनि महिलाहरूको तुलनामा पुरूषहरूले ज्यादै कम मात्रामा यस्ता कार्यमा पूर्ण रूपमा सहभागी हुने गरेको देखियो ।

### ५.३.१ घरायसी कामकाज सम्बन्धी विश्लेषण

घरायसी कामकाज सम्बन्धी विश्लेषण प्रस्तुत तालिकामा अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणको आधारमा कति कति घरमा घरायसी कामकाजहरू महिला वा पुरूष अथा महिला/पुरूष दुबै मिलेर गर्ने रहेछन् भन्ने कुराको विश्लेषण गरिएको छ ।

**तालिका नं. - १८ : घरायसी कामकाज सम्बन्धी विश्लेषण**

| क्र.सं. | घरायसी कामकाज | महिला | प्रतिशत | पुरूष | प्रतिशत | दुबै | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | खाना बनाउने | ४० | ८० | | | १० | २० |
| २. | घर सरसफाई गर्ने | ३५ | ७० | | | १५ | ३० |
| ३. | भाँडा धुने | ४३ | ८६ | | | ७ | १४ |
| ४. | लुगा धुने | ३७ | ७४ | | | १३ | २६ |
| ५. | बच्चाको हेरचाह गर्ने | २६ | ५२ | | | २४ | ४८ |
| ६. | साधारण घरायसी किनमेल गर्ने | १८ | ३६ | १० | २० | २२ | ४४ |
| ७. | विशेष खालका घरायसी किनमेल | ११ | २२ | २२ | ४४ | १७ | ३४ |
| ८. | परिवारको सदस्य विरामी पर्दा हेरचाह गर्ने | ३५ | ७० | ३ | ६ | १२ | २४ |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १८ अनुसार हेर्दा खाना बनाउने, घर सरसफाई गर्ने, भाँडा धुने, लुगा धुने तथा बच्चाको हेरचाह गर्ने जस्ता काममा महिलाको बढी दायित्व रहेको पाइयो र पुरूषहरूको अलि-अलि मात्र सहयोग रहने गरेको भेटियो । छानिएका ५० वटा घरधुरीहरू मध्ये ४० वटा (८० प्रतिशत) घरहरूमा महिलाले मात्र सधैँ खाना बनाउने काम गर्ने गरेको पाइयो । त्यस्तै १० वटा (२० प्रतिशत) घरहरूमा महिला/पुरूष दुबै मिलेर पकाउने गरेको पाइयो । घर सरसफाई गर्ने, भाँडा धुने र बच्चाको हेरचाह गर्ने कामहरू महिलाले मात्र क्रमशः ३५ वटा (७० प्रतिशत), ४३ वटा (८६ प्रतिशत), ३७ वटा (७४ प्रतिशत) र २६ वटा (५२ प्रतिशत) घरहरूमा गर्ने गरेको भेटियो भने महिला र पुरूष दुबै मिलेर यी कामहरू क्रमशः १५ वटा (३० प्रतिशत) ७ वटा (१४ प्रतिशत) १३ वटा (२६ प्रतिशत) र २४ वटा (४८ प्रतिशत) घरहरूमा गर्ने गरेको पाइयो । तर यी सबै कामहरू कुनै घरमा पनि पुरूष एक्लैले गर्ने गरेको भने पाइएन । यी सबै पुरूषले घरायसी कामकाज गर्न हुँदैन भन्ने परम्परागत सोच र मान्यताको प्रतिफल हुनसक्छ । यसैगरी साधारण घरायसी किनमेल गर्ने काम महिलाले मात्र १८ वटा (३६ प्रतिशत) घरहरूमा र पुरूषले मात्र १० वटा (२० प्रतिशत) घरहरूमा गरेको पाइयो भने महिला र पुरूष दुबै मिलेर २२ वटा (४४ प्रतिशत) घरहरूमा साधारण घरायसी किनमेल गर्ने गरेको पाइयो, विशेष खालका घरायसी सर-सामानहरू किन्ने काम पुरूषले नै धेरै गर्ने गरेको भेटियो । ११ वटा (२२ प्रतिशत) घरहरूमा मात्र महिलाले मात्र २२ वटा (४४ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १७ वटा (३४ प्रतिशत) घरहरूमा महिला पुरूष दुबै मिलेर विशेषच खालका घरायसी किनमेल गर्ने चलन रहेको देखियो । परिवारको कुनै पनि सदस्य विरामी पर्दा हेरचाह गर्ने कुरामा सामान्यतः महिलाको नै बढी योगदान रहेको पाइन्छ, हाम्रो समाजमा । त्यसैले यस अध्ययन क्षेत्रमा पनि त्यस्तै खालको अवस्था देखिएको छ । ३५ वटा (७० प्रतिशत) घरहरूमा महिलाले मात्र, ३ वटा (६ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १२ वटा (२४ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवै मिलेर बिरामी सदस्यहरूको हेरचाह गर्ने गरेको पाइयो ।

समग्रमा हेर्ने हो भने घरभित्र गरिने घरायसी कामधन्दाहरू महिलाले नै धेरै गर्ने र घरको विशेष खालको काम जस्तो सरसामानहरू किनमेल गर्ने जस्तो आर्थिक काममा पुरूषको नै अधिकार बढी हुने अर्थात् पुरूषले नै यस्ता काम धेरै मात्रामा गर्ने गरेको पाइयो । पहिला पहिला गरिएको अध्ययनहरूसँग तुलनात्मक रूपले हेर्दा घरायसी कामकाजमा पुरूषहरूको सहयोग क्रमशः बढ्दै गएको देखिन्छ ।

## ५.३.२ घरायसी कामकाजमा सहयोग सम्बन्धी विश्लेषण

यस अध्ययनको सिलसिलामा छनौटमा परेका महिलाहरूको घरधन्दामा कसले कति सहयोग गरेर रमाइलोसँग घर व्यवहार चलाउँदा रहेछन् भन्ने कुरा तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं. - १९ : घरधन्दामा सहयोग गर्ने सहयोगीको विश्लेषण**

| सहयोगी | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान् | १६ | ३२ |
| सासु | १३ | २४ |
| छोराछोरी | १२ | २४ |
| सबैले | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. १९ अनुसार घरधन्दामा सबैभन्दा बढी १६ वटा (३२ प्रतिशत) घरहरूमा श्रीमान्ले सघाउँदा रहेछन् भने सबैभन्दा कम १० (२० प्रतिशत) घरहरूमा सबैले घरधन्दामा सहयोग गर्ने गर्दा रहेछन् । त्यसैगरी १२-१२ वटा (२४-२४ प्रतिशत) घरहरूमा क्रमशः सासु र छोराछोरीले महिला अर्थात् घरको बुहारीलाई घरधन्दामा सहयोग गर्ने गरेको भेटियो । धेरैजसो एकल परिवार भएको घरहरू भएको हुनाले श्रीमतीलाई श्रीमान्ले नै सघाउने गरेको पाइयो ।

### ५.३.३ परिवारको सदस्यहरू बिरामी पर्दा औषधी उपचार गर्ने निर्णयकर्ता सम्बन्धी विश्लेषण

घर परिवारमा आइपर्ने विभिन्न समस्याहरू मध्ये परिवारका सदस्यहरू बिरामी हुनु पनि एक हो । समय समयमा परिवारका विभिन्न सदस्यहरू बिरामी भइरहेका हुन्छन् । यसरी बिरामी पर्दा उनीहरूले के कस्तो उपचार के कस्तो ठाउँमा लगि के कति खर्चमा कसरी गराउने भन्ने कुराको निर्णय परिवारमा कसले गर्छ भन्ने कुराको विश्लेषण अध्ययन क्षेत्र सर्वेक्षणबाट प्राप्त जानकारीको आधारमा तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - २० : परिवारको सदस्यहरूको औषधी उपचार सम्बन्धी निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरूष | १४ | २८ |
| दुवै | २४ | ४८ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २० अनुसार २४ वटा (४८ प्रतिशत) घरहरूमा परिवारको औषधी उपचारमा महिला/पुरूष दुवै मिलेर निर्णय गर्दारहेछन्, १२ वटा (२४ प्रतिशत) घरहरूमा  महिलाले मात्र औषधी उपचार सम्बन्धी निर्णय गर्दारहेछन् भने १४ वटा (२८ प्रतिशत) घरहरूमा पुरूषले मात्र यस सम्बन्धी निर्णय गर्ने गरेको भेटियो । समग्रमा भन्नुपर्दा यस सम्बन्धी निर्णय गर्ने अधिकार महिला/पुरूष दुवैमा समान नै रहेको भेटियो ।

### ५.३.४ छोराछोरीको शिक्षाको बारेमा निर्णयकर्ता सम्बन्धी विश्लेषण

यस अध्ययन क्षेत्रमा छनौटमा परेका सबै घरहरूमा छोराछोरीलाई स्कुल पढ्न पठाएको पाइउको छ । प्रसतुत तालिकामा अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणको आधारमा छोराछोरीलाई के कति लगानीमा, के कस्तो शिक्षा, के कसरी दिने भन्ने बारेमा घर परिवारमा प्रमुख निर्णायक भूमिका महिला, पुरूष वा दुवैको कसको छ भन्ने बारेमा विश्लेषण गरिएको छ ।

**तालिका नं. - २१ : छोराछोरीको शिक्षाको बारेमा निर्णायक भूमिकाको विश्लेषण**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ७ | १४ |
| पुरूष | १३ | २६ |
| दुवै | ३० | ६० |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २१ बाट हेर्दा अध्ययन क्षेत्रमा छनौटमा परेका ५० वटा घरहरूमध्ये ३० वटा (६० प्रतिशत) घरहरूमा छोराछोरीको शिक्षा सम्बन्धी महिला/पुरूष दुवैले सरसल्लाह गरी निर्णय गर्ने, १३ वटा (२६ प्रतिशत) घरहरूमा पुरूषले मात्र यस सम्बन्धी निर्णय गर्ने गरेको भेटियो । ७ वटा घरहरूमा पनि धेरै जसो विधवा महिलाहरू भएको घरहरू पर्दछन् ।

## ५.३.५ छरछिमेकी तथा इष्टमित्रहरूसँगको सम्बन्ध स्थापित गर्ने सम्बन्धी प्रमुख भूमिकाको विश्लेषण

छरछिमेकी तथा इष्टमित्रहरूसँग सम्बन्ध स्थापित गर्ने सम्बन्धमा यस अध्ययन क्षेत्रमा महिला, पुरूष वा दुवैको के कति भूमिका रहने गर्दछ भन्ने बारेमा गरिएको सर्वेक्षण अनुसार प्राप्त जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - २२ : छरछिमेकी तथा इष्टमित्रहरूसँगको सम्बन्ध स्थापित गर्ने सम्बन्धी प्रमुख भूमिकाको विश्लेषण**

| प्रमुख भूमिका | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरूष | ११ | २२ |
| दुवै | २१ | ४२ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २२ अनुसार अध्ययन गर्दा ५० वटा घरहरूमध्ये १८ घर (३६ प्रतिशत) घरहरूमा छरछिमेकी तथा इष्टमित्रहरूसँग सम्बन्ध स्थापना गर्ने कुरामा प्रमुख भूमिका रहेको पाइयो । त्यस्तै ११ वटा (२२ प्रतिशत) घरहरूमा पुरूष भूमिका रहेको भेटियो भने २१ वटा (४२ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैको नै छरछिमेकी तथा इष्टमित्रहरूसँग प्रमुख भूमिका रहेको पाइयो । यसरी सम्बन्ध स्थापित गर्ने कुरामा महिला नै बढी अग्रसर भएको वा हुनुपर्ने कुरा यस अध्ययन क्षेत्रमा अध्ययनको क्रममा भेटियो ।

## ५.३.६ पाहुनाहरूको स्वागत सत्कारमा ध्यान सम्बन्धी विश्लेषण

पाहुनाहरूको स्वागत सत्कार गर्ने क्रममा महिला वा पुरूष कसले बढी ध्यान दिन्छ भन्ने सम्बन्धमा तलको तालिकामा विश्लेषण गरिएको छ।

**तालिका नं. - २३ : पाहुनाहरूको स्वागत सत्कारमा ध्यान दिने सम्बन्धी विश्लेषण**

| कसले बढी ध्यान दिने | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २३ | ४६ |
| पुरूष | ७ | १४ |
| दुवै | २० | ४० |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २३ अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरीहरू मध्ये २३ वटा (४६ प्रतिशत) घरहरूमा महिलाले नै पाहुनाहरूको स्वागत सत्कारमा बढी ध्यान दिने गरेको देखियो भने जम्मा ७ वटा (१४ प्रतिशत) घरहरूमा महिला, पुरूष दुवैले नै पाहुनाहरूको स्वागत सत्कारमा बढी ध्यान दिने गरेको भेटियो । महिलाहरू बढी घरभित्रकै अर्थात् चुला चौकाकै काममा लाग्ने हुनाले पाहुनाहरूलाई के कस्तो, के कसरी खुवाउने, कसरी राख्ने भन्ने सम्बन्धी बढी धयन महिलाले नै दिने गरेको देखियो ।

### ५.३.७ चाडपर्वमा मुख्य भूमिका सम्बन्धी विश्लेषण

चाडपर्व मनाउने बेलामा घर परिवारमा कसको बढी भूमिका हुन्छ भन्ने बारेमा विश्लेषण अध्ययन क्षेत्र सर्वेक्षणको आधारमा तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - २४ : चाडपर्वमा मुख्य भूमिका सम्बन्धी विश्लेषण**

| **मुख्य भूमिकाकर्ता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | १८ | ३६ |
| पुरूष | ९ | १८ |
| दुवै | २३ | ४६ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

छनौटमा परेका ५० वटा घरहरूमध्ये १८ वटा (३६ प्रतिशत) घरहरूमा चाडपर्वहरूमा प्रमुख भूमिका महिलाको रहने, ९ वटा (१८ प्रतिशत) घरहरूमा पुरूषको मुख्य भूमिका रहने र २३ वटा (४६ प्रतिशत) घरहरूमा महिला पुरूष दुवैको चाडपर्वमा प्रमुख भूमिका रहने गरेको माथिको तालिकामा देखिएको छ । प्रमुख भूमिका जसको रहेतापनि चाडपर्वका बेलामा घर सरसफाई गर्नेदेखि लिएर पकाउने तथा अन्य सरसामानहरू मिलाउने सम्मका विभिन्न कार्यहरूमा महिलाहरूलाई नै बढी बोझ परिरहेको हाम्रो सुमाजमा देखिन्छ भने यस अध्ययन क्षेत्रमा पनि यस्तै किसिमको प्रचलन रहेको भेटियो ।

### ५.३.८ कुनै सामाजिक भेला, संगठनमा जाने सम्बन्धी विश्लेषण

यस अध्ययनको क्रममा अध्ययन क्षेत्रमा महिलाको स्थितिलाई पहिचान गर्नको लागि सामाजिक क्रियाकलापमा महिलाको कतिको सहभागिता रहेछ भन्ने पत्ता लगाउन गरिएको सर्वेक्षणको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - २५ : सामाजिक भेला, संगठनमा सहभागिता सम्बन्धी विश्लेषण**

| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ३३ | ६६ |
| छैन | १७ | ३४ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २५ अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० जना उत्तरदाता (महिलाहरू) मध्ये ३३ जना (६६ प्रतिशत) महिलाहरूले सामाजिक भेला संगठनमा सहभागी हुने गरेको बताए भने १७ जना (३४ प्रतिशत) महिलाहरूले सहभागी हुने नगरेको बताए । सहभागी हुने महिलाहरूमा कोही शिक्षिका पेशामा संलग्न, कोही समाजसेवी, एकजना राजनितिकर्मी छन् । अन्य धेरै जसो महिलाहरू महिला समूहको अध्ययनबाट नै सामाजिक भेला संगठनमा सहभागी भएको पाइयो । त्यस्तैगरी सामाजिक संगठनमा सहभागी नहुने महिलाहरूमा कोहीले आर्थिक अभावको कारण सहभागी हुन नसकेको बताए भने कोही घरायसी बेफुर्सदीको कारण, कोही घरायसी प्रतिबद्धको कारण र कोही चाहीँ आफ्नै इच्छाले यसमा सहभागी नभएको बताए ।

### ५.३.९ सामाजिक भेला संगठनमा महिला सहभागिता घर सल्लाह अनुसार वा आफूखुशी भन्ने सम्बन्धी विश्लेषण

माथिको तालिका अनुसार हेर्दा ५० जना महिलामध्ये ३३ जना महिलाहरू सामाजिक भेला संगठनमा सहभागी भएका छन् । यसरी सहभागी हुनेहरूमध्ये के कति जना आफ्नै खुशीले सहभागी भए र के कति जना घरायसी सरसल्लाह अनुसार सहभागी भए भन्ने कुराको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका नं. - २६ : सामाजिक भेला संगठनमा महिला सहभागिता घर सल्लाह अनुसार वा आफूखुशी भन्ने सम्बन्धी विश्लेषण**

| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| घरसल्लाह अनुसार | २४ | ७३ |
| आफूखुशी | ९ | २७ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २६ अनुसार सामाजिक सहभागी हुने ३३ जना महिलाहरू घर सल्लाह अनुसार सहभागी भएको र ९ जना (२७ प्रतिशत) मात्र महिलाहरू आफूखुशी सहभागी भएको पाइयो । यस अध्ययन अनुसार महिलाहरूलाई अझै पनि घर बाहिरको सामान्य कार्यक्रमहरूमा सहभागी हुनको लागि पनि स्वइच्छाले निर्णय गर्न सक्ने अधिकार दिइएको छैन भन्ने देखिन्छ । तर कतिपय सन्दर्भमा महिलाहरूले अधिकार प्राप्त गरेतापनि उनीहरूमा स्वनिर्णय गर्न सक्ने क्षमताको अभाव रहेको पनि पाइन्छ ।

### ५.३.१० घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण

विभिन्न घरायसी क्रियाकलाप सम्बन्धी विश्लेषण माथिका विभिन्न तालिकाहरूमा गरिएको छ । भिन्दाभिन्दै क्रियाकलापहरूमा महिला पुरूषको निर्णयाधिकार भिन्दाभिन्दै रहेको भएतापनि सम्पूर्ण घरायसी क्रियाकलाप सञ्चालन गर्नको लागि प्रमुख निर्णयकर्ता घरमा महिला/पुरूष अथवा दुवै जना रहेको छ भन्ने बारेमा अध्ययन क्षेत्रबाट लिइएको जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ । यो जानकारी उत्तरदाताले दिएको उत्तरको आधारमा आधारित रहेको छ ।

**तालिका नं. - २७ : घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ता सम्बन्धी विश्लेषण**

| **निर्णयकर्ता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | १२ | २४ |
| पुरूष | २० | ४० |
| दुवै | १८ | ३६ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २७ बाट के बुझ्न सकिन्छ भने १२ वटा (२४ प्रतिशत) घरहरूमा प्रमुख निर्णयकर्ताको रूपमा महिला रहेका छन् । २० वटा (४० प्रतिशत) घरहरूमा पुरूष प्रमुख घरायसी निर्णयकर्ताको रूपमा पुरूष रहेका छन् । त्यसैगरी १८ वटा (३६ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले नै प्रमुख घरायसी निर्णयकर्ताको भूमिका निभाएको देखिएको छ । यसरी समग्रमा हेर्ने हो भने पुरूषहरू नै बढी घरायसी प्रमुख निर्णयकर्ताको रूपमा देखिएको छ ।

## ५.४ कृषि सम्बन्धी क्रियाकलाप

यस अध्ययन क्षेत्रका अधिकांश मानिसहरू धेरै वा थोरै भएपनि कृषि क्षेत्रमा लागेको पाइयो । कृषि भित्र पनि खेतीपाती र पशुपालन गरी २ वटा क्षेत्र समावेश भएका हुन्छन् ।

### ५.४.१ खेतीपाती सम्बन्धी विश्लेषण

सर्वेक्षणको क्रममा अध्ययन क्षेत्रमा लिइएको जानकारी अनुसार छनौटमा परेका सबै घरहरूमा जग्गा धेरै वा थोरै जति भए पनि कुनै न कुनै खेतीपाती गरेको पाइयो । तपाईहरू खेतीपाती गर्नुहुन्छ ? भनी गरेको प्रश्नको जवाफमा सबैले गर्छौं भन्ने जवाफ दिएका थिए । खेतीपाती गर्ने क्रममा विभिन्न कामहरू गर्नुपर्ने हुन्छ । हाम्रो नेपाली समाजमा महिलाहरू धेरै जसो बाहिर जागिर खान नजाने र घरधन्दा मै सीमित रहेकाले खेतीपाती गर्ने काममा पनि महिलाहरूको नै बढी दायित्व रहने गरेको पाइन्छ । यस क्षेत्रमा के के खेती गर्नुहुन्छ ? भनी गरिएको प्रश्नको जवाफलाई समग्रमा लिँदा यहाँ विशेष गरी धान, मकै, गहुँ, कोदो आदि उत्पादन गरिँदो रहेछ । नगदेवाली अन्तर्गत खासै केही पनि खेती नगरेको पाइयो । यसै क्रममा खेतीपाती गर्दा गर्नुपर्ने विभिन्न कामहरू कसले गर्ने र को निर्णायक भनी गरिएको प्रश्नमा आएको जवाफ अनुसार तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - २८ : खेतीपाती गर्दा गरिने काम कसले गर्ने भन्ने सम्बन्धी विश्लेषण**

| क्र.सं. | कामको प्रकृति | कसले गर्ने | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरूष | प्रतिशत | दुवै | प्रतिशत |
| १. | खनजोत गर्ने | ६ | १२ | ३५ | ७० | ९ | १८ |
| २. | बिउ विजनको तयारी गर्ने | १९ | ३८ | १८ | ३६ | १३ | २६ |
| ३. | सिञ्चाइ, मल तथा विषादीको प्रबन्ध गर्ने | १७ | ३४ | २३ | ४६ | १० | २० |
| ४. | बाली लगाउने | २४ | ४८ | | | २६ | ५२ |
| ५. | गोडमेल गर्ने | २४ | ४८ | | | २६ | ५२ |
| ६. | बाली काट्ने, भित्र्याउने | २३ | ४६ | | | २७ | ५४ |
| ७. | मेला पर्म जाने (२८ वटा घरमा) | १९ | ६८ | २ | ७ | ७ | २५ |
| ८. | कामदार लगाउने | २० | ४० | ९ | १८ | २१ | ४२ |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २८ अनुसार खनजोत गर्ने काम धेरै जसो पुरूषले नै गर्ने गरेको पाइयो । घरको सदस्यले खनजोत नगरेपनि खेताला लगाएर भए पनि पुरूषद्वारा नै खनजोत गराउने गरेको अध्ययनको क्रममा भेटियो । ६ वटा (१२ प्रतिशत) घरहरूमा महिलाले मात्र खन्ने काम गर्ने (थोरै जम्मा भएकोले थोरै खेती गर्नलाई महिलाले मात्र खन्ने) ३५ वटा (७० प्रतिशत) घरहरूमा पुरूषले मात्र खनजोत गर्ने र ९ वटा १८ प्रतिशत घरहरूमा महिला/पुरुष दुवैले खनजोत गर्ने गरेको भेटियो । त्यसैगरी विउ विजनको काममा लगभग महिला/पुरूष बराबर जस्तै दायित्व भेटियो, बाली लगाउने, गोडमेल गर्ने र बाली काट्ने भित्र्याउने जसता कामहरू कुनै घरमा पनि पुरूषले मात्र गर्ने गरेको पाइएन (क्रमशः २४ वटा (४८ प्रतिशत), २४ वटा (४८ प्रतिशत) र २३ वटा (४६ प्रतिशत) घरहरूमा यी कामहरू महिलाले मात्र गर्ने र क्रमशः २६ वटा (५२ प्रतिशत), २६ वटा (५२ प्रतिशत) र २७ वटा (५४ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवै मिलेर यस्ता कामहरू गर्ने गरेको पाइयो । घरकै सदस्यहरू आफै मेला पर्म जाने

काम २८ वटा घरहरूमा मात्र गर्ने गरेको पाइयो । जसमध्ये १९ (६८ प्रतिशत) घरहरूमा महिलाहरू मात्र, २ वटा मात्र (७ प्रतिशत) घरहरूमा पुरूषहरू मात्र र ७ वटा (२५ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवै मेला पर्म जाने गरेको भेटियो । त्यसैगरी कामदार लगाउने काम २० वटा (४० प्रतिशत) घरहरूमा सम्बन्धी कामहरू धेरै जसो पुरूषको तुलनामा महिलाले नै बढी गर्ने गरेको पाइयो भने पुरूषहरूको सकारात्मक सहयोगलाई पनि यहाँ नकार्न सकिँदैन ।

**तालिका नं. - २९ : खेतीपाती गर्दा गरिने काममा को निर्णायक भन्ने सम्बन्धी विश्लेषण**

| क.सं. | कामको प्रकृति | कसले गर्ने | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरूष | प्रतिशत | दुवै | प्रतिशत |
| १. | खनजोत गर्ने | ८ | १६ | २९ | ५८ | १३ | २६ |
| २. | बिउ विजनको तयारी गर्ने | १९ | ३८ | १८ | ३६ | १३ | २६ |
| ३. | सिञ्चाइ, मल तथा विषादीको प्रबन्ध गर्ने | १४ | २८ | २५ | ५० | ११ | २२ |
| ४. | बाली लगाउने | ९ | १८ | २७ | ५४ | १४ | २८ |
| ५. | गोडमेल गर्ने | १० | २० | २३ | ४६ | १७ | ३४ |
| ६. | बाली काट्ने, भित्र्याउने | ७ | २५ | १२ | ४३ | ९ | ३२ |
| ७. | मेला पर्म जाने (२८ वटा घरमा) | ९ | १८ | २७ | ५४ | १४ | २८ |
| ८. | कामदार लगाउने | ९ | १८ | २७ | ५४ | १४ | २५ |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. २९ अनुसार हेर्दा अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरधुरीमध्ये बाली लगाउने, बाली काट्ने, भित्र्याउने, कामदार लगाउने कामहरूमा क्रमशः ९ वटा (१८ प्रतिशत) घरमा महिलाले मात्र, २७ वटा (५४ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १४ वटा (२८ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले निर्णय गरेको पाइयो । मेला

पर्म जाने २८ वटा घरहरूमध्ये ७ वटा (२५ प्रतिशत) घरहरूमा महिलाहरूले मात्र, १२ वटा (४३ प्रतिशत) घरहरूमा पुरूषले मात्र र ९ वटा (३२ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले मेला पर्म जाने कुरामा निर्णय गर्ने गरेको पाइयो । त्यसैगरी खनजोत गर्ने कुरामा ८ वटा (१६ प्रतिशत) घरहरूमा महिलाले मात्र, २९ वटा (५८ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १३ वटा (२६ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले निर्णय गर्ने गरेको पाइयो । बिउ विजन तयार गर्ने कुरामा दुवैको बराबर निर्णय हुने गरेको र सिँचाई मल, तथा विषादीको प्रबन्ध गर्ने तथा गोडमेल गर्ने काममा तुलनात्मक रूपमा महिलाको भन्दा पुरूषको नै बढी निर्णायक भूमिका रहेको पाइयो । समग्रमा हेर्दा कृषि कार्यहरू गर्नमा महिलाहरूले नै धेरै जसो समय बिताए पनि खेतीपाती गर्ने सवालमा के कसरी गर्ने तथा अन्य कारोबार लगायतका कृषि उपजहरूको किनबेच गर्ने काममा मुख्य निर्णायक भूमिका महिलाहरूको भन्दा पुरूषहरूको नै भएको भेटिएको छ ।

### ५.४.२ पशुपालन सम्बन्धी विश्लेषण

यस अध्ययन क्षेत्रमा छनौटमा परेका घरहरूमा गाई वस्तु पाल्ने कि नपाल्ने भन्ने कुरामा कसले निर्णय गर्ने तथा गाईवस्तु पाल्ने क्रममा गर्नुपर्ने विभिन्न कामहरू क-कसले गर्ने र कामको बाँडफाँडमा कसको निर्णायक भूमिका रहने आदि सम्बन्धी प्राप्त जानकारीको आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. - ३० : पशुपालनको आधारमा वर्गीकरण**

| **पशुपंक्षी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| गाई, भैंसी, बाखा | १२ | २४ |
| गाई, भैंसी मात्र | ११ | २२ |
| बाखा मात्र | १३ | २६ |
| कुखुरा | ४ | ८ |
| केहि पनि नपाल्ने | १० | २० |
| **जम्मा** | **५०** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२

तालिका नं. ३० लाई हेर्दा गाई, भैंसी, बाखा पाल्ने १२ जना (२४ प्रतिशत), गाई भैंसी मात्र पाल्नेहरू ११ जना (२२ प्रतिशत), बाखा मात्र पाल्ने सबैभन्दा बढि १३ जना (२६ प्रतिशत), कुखुरा पाल्ने ४ जना (८ प्रतिशत) देखिए भने केही पनि नपाल्नेहरूमा १० जना (२० प्रतिशत) भेटिए । जसमा आफ्नो व्यापार व्यवसाय, जागिर वा बच्चा साना भएको कारणले गर्दा वा घरधन्दामा सीमित भएका गृहिणीहरू पर्दछन् । यसरी अध्ययनको क्रममा के देखियो भने केही महिलाहरूले आफ्नो पेवाको लागि कुखुरा, बाखा पालन गरेको वा गाई, बाखा अरूलाई अधियामा पाल्न दिएको पनि भेटियो ।

**तालिका नं. - ३१ : पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने निर्णय सम्बन्धी विश्लेषण**

| **निर्णयकर्ता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | २५ | ५० |
| पुरूष | ९ | १८ |
| दुबै | १६ | ३२ |
| **जम्मा** | **५०** | **१००** |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२ ।

तालिका नं. ३१ अनुसार छनौटमा परेका ५० वटा घरहरूमध्ये सबैभन्दा धेरै २५ वटा (५० प्रतिशत) घरहरूमा पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने कुरामा महिलाले मात्र निर्णय गर्ने गरेको पाइयो र सबैभन्दा थोरै ९ वटा (१८ प्रतिशत) घरहरूमा पुरूषले मात्र अनि १६ वटा (३२ प्रतिशत) घरहरूमा महिला/पुरूष दुबैले यस कुरामा निर्णय गर्ने गरेको भेटियो । पशुपालनमा बढी स्याहार संहार गर्ने काम महिलाले नै गर्ने गरेको पाइयो ।

**तालिका नं. - ३२ : पशुपालन गर्दा गरिने काम कसले गर्ने भन्ने सम्बन्धी विश्लेषण**

| **क.सं.** | **कामको प्रकृति** | **कसले गर्ने** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **महिला** | **प्रतिशत** | **पुरूष** | **प्रतिशत** | **दुबै** | **प्रतिशत** |
| १. | गाईवस्तुको गोबर घसेटो गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| २. | घासपात गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ३. | दुहन वाहन गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ४. | दानापानी गर्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |
| ५. | पशुपंक्षीलाई भित्र बाहिर सार्ने | ३१ | ७७.५ | ३ | ७.५ | ६ | १५ |

श्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७२ ।

तालिका नं. ३२ अनुसार यस अध्ययन क्षेत्रमा छानिएका ५० वटा घरहरूमध्ये १० वटा घरहरूमा कुनै पशुपंक्षी नपालेको र ४० वटा घरहरूमा मात्र पशुपंक्षीहरू

पाल्ने गरेको भेटियो । जसमा गाई वस्तुको गोबर घसेटो गर्ने, घाँसपात गर्ने, दुहनबाहन गर्ने, दाना पानी गर्ने, पशुपंक्षीभित्र बाहिर सार्ने आदि सबै कामहरू ४० वटा घरहरू मध्ये ३१ वटा (७७.५ प्रतिशत) घरहरूमा महिलाले मात्र ३ वटा (७.५) घरहरूमा पुरूषले मात्र ६ वटा (१५ प्रतिशत) घरहरूमा महिला/पुरूष दुबैले गर्ने गरेको पाइयो । यसप्रकार निश्कर्षमा पशुपंक्षीलाई स्याहार संहार गर्ने काम अधिकांश रूपमा महिलाले नै गर्ने गरेको भेटियो साथै यस्ता कामहरूमा निर्णायक भूमिका कसको भनी गरिएको सर्वेक्षणमा धेरैजसो पुरूषको नै प्रमुख निर्णायक भूमिका रहेको र केही मात्रामा महिलाको निर्णायक भूमिका रहेको पाइयो भने केहिले जवाफ नै दिएनन् । साथै पशुपालन हुने आर्थिक कारोबार अर्थात् पशुपंक्षी किनबेच आदि कार्यमा धेरैजसो घरहरूमा पुरूषको निर्णय नै मान्य हुने गरेको पनि सर्वेक्षणको क्रममा भेटियो ।

# अध्याय ६

# सारांश र निष्कर्ष

## ६.१ सारांश

यस अध्ययनको मुख्य उद्देश्य बाग्लुङ जिल्ला राजकुत गा.वि.स. का मगर महिलाहरूको घरायसी निर्णय प्रक्रियामा के कस्तो भूमिका रहेको छ भनी हेर्नु हो ।

वर्णनात्मक विश्लेषणको आधारमा तयार पारिएको प्रस्तुत अनुसन्धानात्मक शोधग्रन्थमा राजकुत गा.वि.स.का विवाहित मगर महिलाहरूको घरयासी निर्णयमा रहेको भूमिकाको निचोड एवं सारांशलाई निम्न किसिमबाट बुँदागत रूपमा देखाइएको छ ।

छानिएका ५० वटा घरधुरीहरूमा प्रत्येकबाट एक-एक जना विवाहित मगर महिलाहरूलाई उत्तरदाताको रूपमा छनिएको छ । यी उत्तरदाताहरूमा सबैभन्दा बढी (४०-५०) वर्ष उमेर समूहका १७ जना (३४ प्रतिशत) छन् भने २० देखि ६४ वर्षसम्मका उत्तरदाताहरू यस अध्ययनमा परेका छन् । ५० जना उत्तरदाताहरूमध्ये ४३ जना विवाहित, ५ जना विधवा र २ जना पारपाचुके गरी एक्लै बसेकाहरू छन् । १२ जना (२४ प्रतिशत) उत्तरदाताहरू अशिक्षित, ८ जना (१६ प्रतिशत) उत्तरदाताहरू साधारण लेखपढ गरेका ११ जना (२२ प्रतिशत) एस.एल.सी भन्दा कम पढेका छन् । त्यस्तै एस.एल.सी. सम्म गर्नेहरूको संख्या ९ जना (१८ प्रतिशत) छ भने १० जना (२० प्रतिशत) उत्तरदाताहरू एस.एल.सी भन्दा बढी अर्थात् प्रमाण पत्रदेखि स्नातक सम्म पढेका छन् ।

अध्ययन क्षेत्रमा १५ जना (३० प्रतिशत) उत्तरदाताहरू कृषिमा र १६ जना (३२ प्रतिशत) उत्तरदाताहरू व्यवसायमा लागेका छन् । त्यस्तै जागिरमा २४ प्रतिशत, ज्यालादारीमा १४ प्रतिशत उत्तरदाताहरू पाइएको छ । जुनसुकै पेशामा लागे पनि सबैजना अलि अलि भए पनि कृषि क्षेत्रमा संलग्न रहेकै पाइएको छ । ५० जना

उत्तरदाताहरू मध्ये १६ जना (३२ प्रतिशत) को मात्र आफ्नो नीजि सम्पत्ति (दाइजो वा पेवा) भएको पाइयो । ५० वटा घरहरमध्ये १९ वटा (३८ प्रतिशत) घरहरूमा महिलाले मात्र घरायसी आम्दानी राख्ने जिम्मा पाएको, १५ वटा (३० प्रतिशत) घरहरूमा पुरूषले मात्र र १६ वटा (३२ प्रतिशत) घरहरूमा महिला पुरूष दुवैले घरको आम्दानी राख्ने अधिकार पाएको भेटियो । घरायसी खर्च सम्बन्धी १५ वटा (३० प्रतिशत) घरहरूमा महिलाले मात्र निर्णय गर्ने, १२ वटा (२४ प्रतिशत) घरहरूमा पुरूषले मात्र र २३ वटा (४६ प्रतिशत) घरहरूमा महिला/पुरूष दुबैले यस सम्बन्धी निर्णय गर्ने गरेको पाइयो ।

ऋण सापटी लेनदेन गर्ने कुरामा ५० वटा घरहरूमध्ये १२ वटा (२४ प्रतिशत) घरहरूमा महिलाले माज्ञ, २१ वटा (४२ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १७ वटा (३४ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले निर्णय गर्ने गरेको भेटियो । दैनिक आवश्यक घरयासी सरसामानहरू किन्ने कुरामा प्रमुख निर्णायक भूमिका ५० वटा घरहरूमध्ये २४ वटा (४८ प्रतिशत) घरहरूमा महिलाले मात्र, १० वटा (२० प्रतिशत) घरहरूमा पुरूषको मात्र र १६ वटा (३२ प्रतिशत) घरहरूमा महिला पुरूष दुबैको रहेको भेटियो । विशेष खालका घरयासी किनमेल सम्बन्धमा प्रमुख भूमिका १२ वटा ( २४ प्रतिशत) घरहरूमा महिलाको मात्र २५ वटा (५० प्रतिशत) घरहरूमा पुरूषको मात्र र १३ वटा (२६ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवै रहेको देखियो । ५० वटा घरहरूमध्ये १० वटा (२० प्रतिशत) महिलाले मात्र, २४ वटा (४८ प्रतिशत) घरहरूमा पुरूषले मात्र र १६ वटा (३२ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैले छर छिमेक तथा आफन्तमा हुने बिहेवारी जस्ता उत्सवमा हुने सामान्य खर्च सम्बन्धी निर्णय गर्ने अधिकार पाएको भेटियो ।

कृषिमा लाग्ने खर्च सम्बन्धी प्रमुख निर्णायक भूमिका १८ वटा (३६ प्रतिशत) घरहरूमा महिलाको मात्र २० वटा (४० प्रतिशत) घरहरूमा पुरूषको मात्र १२ वटा ( २४ प्रतिशत) घरहरूमा महिला पुरूष दुवैको रहेको पाइयो । कृषि उपजको बिक्रि वितरण गर्ने सम्बन्धमा ५० वटा छानिएको घरहरूमध्ये १३ वटा (२६ प्रतिशत)

घरहरूमा महिलाको मात्र, १७ वटा (३४ प्रतिशत) घरहरूमा पुरूषको मात्र र २० वटा (४० प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैको निर्णायक भूमिका रहेको पाइयो ।

घरायसी कामकाज के के, क-कसले गर्ने भन्ने सन्दर्भमा सबैजसो घरायसी कामहरू धेरैजसो महिलाले नै गर्ने र पुरूषहरूको अलि अलि मात्रामा सहयोग रहेको पाइयो भने घरायसी किनमेल गर्ने परिवारका सदस्य विरामी पर्दा हेरविचार गर्ने काममा चाँही पुरूषहरू तुलनात्मक रूपमा अन्य कामहरूमा भन्दा बढी मात्रामा लागेको देखिएको छ । महिलाहरूलाई घरधन्दामा एकल परिवारहरूमा धेरैजसो श्रीमान्ले सघाउने र संयुक्त परिवारहरूमा धेरैजसो सासुले सघाउने गरेको देखियो । त्यस्तैगरी ५० वटा घरहरूमध्ये १८ वटा (२४ प्रतिशत) घरहरूमा छोराछोरीहरूले र १० वटा (२० प्रतिशत) घरहरूमा घरका सबै परिवारहरूले घरधन्दामा महिलालाई सघाउने गरेको भेटियो । परिवारका सदस्यहरू विरामी पर्दा औषधी उपचार गर्ने कुरामा ५० वटा घरहरूमध्ये १८ वटा (३६ प्रतिशत) घरहरूमा महिलाको मात्र, ९ वटा (१८ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैको रहेको पाइयो ।

छनौटमा परेका ५० जना महिलाहरूमध्ये ३३ जना महिलाहरू घर सल्लाह अनुसार र ९ जना महिलाहरू आफुखुशी सहभागी हुने गरेको जानकारी आयो र ५० जना महिलाहरू मध्ये १७ जना महिलाहरू विभिन्न घरायसी तथा अन्य कारणहरूले गर्दा यस्ता सामाजिक संगठन तथा भेलाहरूमा सहभागी नहुने गरेको भेटियो । समग्र घरायसी क्रियाकलापमा प्रमुख निर्णायक भूमिका १२ वटा (२४ प्रतिशत) घरहरूमा पुरूषको मात्र र १८ वटा (३६ प्रतिशत) घरहरूमा महिला/पुरूष दुवैको रहेको पाइयो । ५० वटा घरहरूमा धेरै थोरै भएपनि केही न केही खेतीपाती गर्ने गरेको भेटियो भने ४० वटा घरहरूमा मात्र पशुपंक्षी पाल्ने गरेको र १० वटा घरहरूमा नपाल्ने गरेको भेटियो र पशुपंक्षीलाई स्याहार संहार गर्ने काम धेरै जसो महिलाहरूले नै गर्ने भएकोले पशुपंक्षी पाल्ने कि नपाल्ने भन्ने कुरामा धेरैजसो महिलाहरूले नै निर्णय गर्ने गरेको भेटियो । खेतीपाती अन्तर्गतका विभिन्न कामहरूमध्ये खनजोत गर्ने र सिञ्चाइ, मल तथा विषदीको प्रबन्ध गर्ने काम धेरैजसो पुरूषहरूले नै गर्ने गरेको र अन्य कामहरू प्राय महिलाहरूले नै गर्ने गरेको पाइयो भने केही मात्रामा पुरूषहरूको पनि सहयोग

रहने गरेको पनि भेटियो । यस अध्ययन क्षेत्रमा धान, मकै, गहुँ, आलु, कोदो आदि खेतीपाती गरिने रहेछ ।

## ६.२ निष्कर्ष

नेपाल गाउँ नै गाउँले भरिएको कृषि प्रधान देश हुनाले नै अधिकांश ग्रामिण महिलाहरूको जीवन घरधन्दा, दानापानी, खानापिना, घाँसदाउँरा, दैलोकुँचो, गाईवस्तुको हेरचाह, बच्चाहरूको स्याहार सुसार, बुढापाकाहरूको रेखदेख गर्दैमा बितेको हुन्छ । वास्तवमा घरको सम्पूर्ण कार्यमा पुरूषको भन्दा बढी परिश्रम गरेपनि धार्मिक सांस्कृतिक सामाजिक परम्पराले गर्दा ग्रामिण महिलाहरूले पुरूष सरह समान अधिकार पाउन सकेका हुँदैनन् ।

समयको परिवर्तनसँगै आधुनिकीकरण, भौगोलिक वातावरण बजारको विस्तार, शहरी क्षेत्रसँगको सम्बन्ध र सम्पर्क शैक्षिक क्षेत्रमा भएको विस्तार, प्रजातन्त्रको उदय, सामाजिक आन्दोलन, सञ्चार आदि कारणहरूले गर्दा यस क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, मनोवैज्ञानिक प्रभावले घरायसी निर्णय प्रकृयामा केही सकारात्मक स्थिति देखिए तापनि धार्मिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, कानुनी, आर्थिक, शैक्षिक आदि विभिन्न कारणहरूले गर्दा नै महिलाहरू पिछडिएकाले यी कारणहरूमा सुधार ल्याई विकासका हरेक क्षेत्रमा समान सहभागिताको रूपमा लैंगिक समानता, महिला र विकास, जेन्डर र विकास जस्ता अवधारणाहरू लागु भई विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनदेखि राष्ट्रिय, क्षेत्रीय सम्मेलनहरू भए पनि समस्याको जरो नसमातेसम्म नेपाली महिलाको अवस्थामा सुधार आउने छैन । राजकुत गा.वि.स. मा गरिएको घरायसी निर्णय प्रक्रियामा मगर महिलाको भूमिका सम्बन्धी गरिएको अध्ययन क्षेत्र सर्वेक्षण अनुसार आएको नतिजा अनुसार मगर महिलाको स्थिति त्यति नराम्रो त देखिएको छैन । विभिन्न क्षेत्रमा गरिने निर्णयहरूमा पनि महिलाहरूको पुरूषहरूकै हाराहारीमा नै भूमिका रहेको देखिन्छ । आर्थिक क्रियाकलापमा चाँही महिलाको भन्दा पुरूषहरूको नै बढी निर्णायक भूमिका रहेको

देखियो । त्यसैगरी महिला महिलाहरूकै बिचमा पढेलेखेका र नपढेका महिलाहरूको निर्णयाधिकारलाई तुलनात्मक रूपमा हेर्दा नपढेका महिलाहरूको तुलनामा पढेका महिलाहरूमा आत्मबलको कारणले गर्दा बढी निर्णयाधिकार रहेको पनि अध्ययनको क्रममा भेटियो ।

यस अध्ययन क्षेत्रका बुहारीहरूले धेरै जसो कामहरू गर्दा आफ्नै स्वविवेकले निर्णय नगरी सासु ससुरा तथा श्रीमान्को आदेश अनुसार गर्नुपर्ने हुन्छ । बुहारी अर्थात् मगर महिलाहरूलाई त्यस्ता कामको निर्णय गर्ने अधिकार जहाँ पुरूषको श्रम र समय बढी खर्च नहोस्, आर्थिक रूपले लगानी नपरोस्, जुन काम महिलाहरूले गर्दा पुरूषलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा फाइदा भएको महसुस होस् । यो निष्कर्ष विभिन्न मुख्य सूचनाकर्ताहरू, समाजसेवी आदिबाट लिइएको जानकारीमा आधारित छ । उनीहरूका अनुसार यस अध्ययन क्षेत्रमा विभिन्न थरिका मगर महिलाहरू छन्, जसमा कतिपय नितान्त कृषक छन्, अर्कोथरी गृहिणी साथै पढेलेखेको भएपनि घरभित्र मात्रै सीमित छन् र केही केही महिलाहरू बाहिर कमाउन पनि गएका छन् । नयाँ नयाँ पिँढीहरू पढेलेखेका र परिवर्तित हुँदैछन् र पनि परम्परागत सोँच र मान्यता हाबी भएकाले महिलाको अधिकार त्यति राम्ररी बुझेको पाइँदैन ।

यस अध्ययनको समग्र विश्लेषणलाई हेर्दा अन्य अध्ययनहरूबाट आएको निष्कर्षको तुलनामा यसमा महिलाहरूको अवस्था त्यति धेरै नराम्रो त देखिएको छैन तैपनि पुरूषहरूको तुलनामा भने घरायसी निर्णय प्रक्रियामा महिलाहरूको भूमिका कमै देखिन्छ । महिला र पुरूषमा रहेको विभिन्न विविधतालाई हटाउनको लागि सर्वप्रथम त शिक्षा तथा चेतनामा नै बृद्धि हुनु आवश्यक छ । परम्परागत सोँच र मान्यतालाई अवलम्बन गर्दै आएकोले पनि महिलाहरू अगाडी बढ्न नसकेको देखिन्छ । त्यसैले आफ्नो संस्कृतिलाई जोगाउँदै नचाहिँदा अन्धविश्वासी प्रवृत्तिका अर्थात् विकासका बाधक परम्परागत सोँच तथा कुरीतिहरूलाई भने सबैको मन मस्तिष्कबाट हटाउनु अपरिहार्य देखिएको छ । कानुन अनि भनाइमा मात्र महिला स्वतन्त्रता र लैङ्गिक समानताका कुरा नगरेर व्यवहारिक रूपमा पनि यसको अवलम्बन गर्नुपर्छ । महिलालाई शिक्षा मात्र नभई आत्मबल, स्वतन्त्रता तथा अधिकार पनि दिनुपर्छ ।

# सन्दर्भग्रन्थ सूची


आचार्य, बलराम (२०६८), **लैङ्गिक र महिलावादी अध्ययन**, नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

अर्याल, भोजेन्द्र (२०६५), **लैङ्गिक अध्ययन**, समाजशास्त्र/मानवशास्त्र विभाग, स्नातकोत्तर तह, द्वितीय वर्ष, एघारौं पत्र, ज्ञानकुञ्ज प्रकाशन काठमाडौं ।

पौडेल, बाबुराम (२०५५), **सुनवल गा.वि.स.का बाहुनी बुहारीहरूको अध्ययन**, शोधपत्र, स्नातकोत्तर तह, समाजशास्त्र त्रि.वि.वि. काठमाडौं ।

ओझा, घननाथ (२०६४), **नेपालमा महिला**, शोधपत्र, स्नातकोत्तर तह, समाजशास्त्र त्रि.वि.वि. काठमाडौं ।

राय, कौशल कुमार (१९६६), **भारतीय सामाजिक विचारधारा**, नविन प्रकाशन मन्दिर ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), **लैङ्गिक अध्ययन,** एकेडेमिक बुक सेन्टर, कीर्तिपुर ।

हाडा, निमा (२०५४), **चापागाउँ गा.वि.स. स्थित फ्याङगाउँका महिलाहरूको सामाजिक, आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन**, शोधपत्र, स्नातकोत्तर तह, समाजशास्त त्रि.वि.वि., काठमाडौं ।

Acharya, Meena (1981), **Status of women**, Vol II, Part I

Acharya, Meena Bennett Lynn, (1983), **Status of Women in Nepal**, Vol. IV, Part II, CEDA, Kathmandu

Acharya, Meena (1977), **Gender Equality and Empowerment of Women**, CEDA, KTM

Acharya, Meena (1994), **Status of Nepalese Women**, Vol. II, Part I, CEDA, KTM

Bhusal, Rajendra Prasad (2004), **Role of Women in Household Decision Making,** A case study of Argha VDC, Arghakhanchi District, Department of Economics, Kritipur.

Luitel, Samira (1992), **"Women and development",** published by BP Luintel, Kathmandu, Nepal.

**घरायसी निर्णय प्रक्रियामा मगर महिलाहरूको भूमिका : बागलुङ्ग जिल्ला राजकुत गा.वि.स.मा गरिएको एक अध्ययन**
**समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर**

# अन्तर्वार्ता तालिका

विवाहित महिलाहरूको लागि मात्र

## खण्ड १

## सामान्य जानकारी

पारिवारिक विवरण

| क्र.सं. | नाम | लिङ्ग | उमेर | शिक्षा | पेशा | उत्तरदाताको नाता |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |

# खण्ड - २

## आर्थिक क्रियाकलाप

१. तपाईको घरको मासिक आम्दानी कति छ ? (रूपैयाँमा)

क) १,०००-३,००० ख) ३,००१-६,०००

ग) ६,००१-१०,००० घ) १०,००१ देखि माथि

२. तपाईको आफ्नो नीजि सम्पत्ति (दाइजो वा पेवा) केही छ ?

क) छ ख) छैन

३. तपाईको घरको आम्दानी कसले राख्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

४. घरायसी खर्च गर्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

५. ऋण सापट लिने दिने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

६. दैनिक आवश्यक घरायसी सर सामानहरू किन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

७. विशेष खालका घरायसी सरसामानहरू किन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

८. छरछिमेकी तथा आफन्तमा हुने विहेबारी जस्ता उत्सवमा हुने सामान्य खर्चसम्बन्धी निर्णय कसले गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

९. खेतीपाती तथा पशुपालन गर्दा लाग्ने खर्च सम्बन्धी निर्णय कसले गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुबै

१०. कृषि उपजको बिक्री वितरण सम्बन्धी कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरुष ग) दुबै

## खण्ड - ३

## घरायसी क्रियाकलाप

१. घरायसी कामकाजको बाँडफाँड

| क.सं. | घरायसी कामकाज | कसले गर्ने | | |
|---|---|---|---|---|
| | | महिला | पुरूष | दुवै |
| १. | खाना पकाउने | | | |
| २. | घर सरसफाइ गर्ने | | | |
| ३. | भाँडा धुने | | | |
| ४. | लुगा धुने | | | |
| ५. | बच्चाको हेरचाह गर्ने | | | |
| ६. | साधारण घरासयी किनमेल गर्ने | | | |
| ७. | विशेष खालका घरायसी किनमेल गर्ने | | | |
| ८. | परिवारका सदस्य बिरामी पर्दा हेरचाह गर्ने | | | |

२. तपाईलाई घरधन्दामा कसले सहयोग गर्नुहुन्छ ?

क) श्रीमान् ख) सासु ग) छोरा छोरी घ) सबैले

३. परिवारको सदस्यहरू बिरामी पर्दा औषधी उपचार गर्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

४. छोराछोरी शिक्षाको बारेमा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

५. छरछिमेकी तथा इष्टमित्रहरूसँगको सम्बन्ध कस्तो र कसरी राख्ने भन्ने बारेमा अह्राउने सिकाउने कसले गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

६. पाहुनाहरूको सत्कारमा कसले बढी ध्यान दिनुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

७. चाडपर्वमा कसको भूमिका बढी हुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

८. कुनै सामाजिक भेला संगठनमा जानुभएको छ ?

क) छ ख) छैन

९. घर सल्लाह अनुसार जानु भएको छ कि आफू खुशी ?

.......................................................................

१०. घरायसी क्रियाकलापमा प्रमुख निर्णयकर्ता को हुनुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

## खण्ड - ४

## कृषि सम्बन्धी क्रियाकलाप

१. तपाईहरू खेतीपाती गर्नुहुन्छ ?

क) गर्छौं ख) गर्दैनौं

२. खेतीपाती सम्बन्धी कामको बाँडफाँड

| क.सं. | कामको प्रकृति | कसले गर्ने | | | को निर्णायक | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | दुबै | महिला | पुरूष | दुबै |
| १. | खनजोत | | | | | | |
| २. | बिउ विजनको तयारी गर्ने | | | | | | |
| ३. | सिंचाइ मल तथा विषादीको प्रबन्ध गर्ने | | | | | | |
| ४. | बाली लगाउने | | | | | | |
| ५. | गोडमेल गर्ने | | | | | | |
| ६. | बाली काट्ने भित्र्याउने | | | | | | |
| ७. | मेला पर्म जाने | | | | | | |
| ८. | कामदार लगाउने | | | | | | |

३. तपाईको घरमा गाई बस्तु पाल्नु भएको छ कि छैन ?

क) छ ख) छैन

४. यदि छ भने के के पाल्नु भएको छ ?

......................................................

५. गाई बस्तु पाल्ने कि नपाल्ने भन्ने कुरामा कसले निर्णय गर्नुहुन्छ ?

क) महिला ख) पुरूष ग) दुवै

६. पशुपालन सम्बन्धी कमको बाँडफाँड

| क.सं. | कामको प्रकृति | कसले गर्ने | | | को निर्णायक | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | दुबै | महिला | पुरूष | दुबै |
| १. | गाईबस्तुको गोबर घसेटो गर्ने | | | | | | |
| २. | घाँसपात गर्ने | | | | | | |
| ३. | दुहनवाहन गर्ने | | | | | | |
| ४. | दानापानी गर्ने | | | | | | |
| ५. | पशुपंक्षी भित्र बाहिर सार्ने | | | | | | |